का.जि.प्र.का.द.नं. १००/०५९/६०
११ फागुन २०८२
सोमबार
23 February 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २४, अंक ३२। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# एकातिर लहर अर्कोतिर पहिरो

पूराना राजनीतिक दलहरूको व्यवहारबाट रुष्ट भएका मतदाता नयाँ र वैकल्पिक शक्तिको रुपमा रास्वपालाई हेरिरहेका छन् । यसकारण एकातिर रास्वपाको देशभर लहर देखिन्छ । तर, अर्कोतिर रास्वपाको बैचारिक स्पष्टता र सुशासनप्रतिको प्रतिवद्धतामाथि प्रश्न उठाएर पार्टी छाड्नेहरु पनि बढ्दो देखिन्छ ।





एक-दुई जनाले पार्टी छाड्दैमा खासै फरक पर्दैन । एक जना निस्कँदा सयजना भित्रिरहेका छन् । लाखौंको समर्थन जुटिरहेको छ ।

● **विराजभक्त श्रेष्ठ**
नेता, रास्वपा

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १० फागुन

माघ ५ मा जनकपुर सभाबाट मधेस छिर्दा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को जुन लहर थियो, एक महिनापछि त्यो चुनावी ज्वरो ओर्लिंदै गएको छ । फागुन ६ मा मधेस प्रदेशकी संस्थापक सभापति ममता शर्माले पार्टी परित्याग गर्दै रास्वपा नेतृत्वको सुशासनप्रति प्रश्न उठाइन् । पार्टीले नारामा 'जान्नेलाई छान्ने' भने पनि व्यवहारमा उल्टो भएकोभन्दै आफूले पार्टी छाडेको उनले दाबी गरेकी छन् ।

उम्मेदवार छनौट प्रक्रियाप्रति प्रश्न उठाउँदै केही दिनअघि प्रणयशमशेर राणाले पनि रास्वपा छाडे । उनले पनि नेतृत्वमाथि संगठनात्मक पारदर्शिता र आन्तरिक लोकतन्त्र कमजोर बनाएको आरोप लगाए । 'थितिको थालनी र वेथितिको अन्त्य' भन्ने नारासहित स्थापना भएको पार्टी उल्टो बाटोतर्फ गएको पृष्ठ २ मा

# निर्णायक बन्दै छन् नयाँ मतदाता

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १० फागुन

कानुन पढ्दै गरेकी रामेछापकी सुनिता कार्की घर जान आतुर छिन् । उनी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदान गर्न गाउँ जान लागेकी हुन् । १८ वर्षिया कार्कीका लागि यो पहिलो मतदान हो । त्यसैले उनी उत्साहित छिन् । '१६ वर्ष पुगेर नागरिकता पाउँदा निकै खुशी लागेको थियो । १८ वर्ष लागेकै वर्ष मतदान गर्न पाउँदा त्यस्तै उत्साहित छु' उनले भनिन् ।

नियमित चुनाव हुँदो हो त कार्कीले भोट हाल्न अझै दुई वर्ष कुर्नु पर्थ्यो । २०८४ मा मतदान गर्न पाउँछु भन्ने उनको मनमा थियो । तर, गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका कारण दुई वर्षअघि नै चुनाव हुने स्थिति आयो । त्यसैले यसपटकको चुनावलाई उनले ऐतिहासिक ठानेकी छिन् । 'म खासै राजनीति बुझ्दिन्, तर नेपालको प्रशासनिक सिस्टम देख्दा दिक्क लाग्थ्यो,'उनी भन्छिन्, 'अबको निर्वाचनले केही परिवर्तन हुन्छ कि ?' चुनावमा सुशासनप्रति दृढ उम्मेदवारलाई भोट दिन आफू रामेछाप जान लागेको कार्की बताउँछिन् ।

कार्कीजस्तै संखुवासभाका विवेक पराजुली पनि घर जाने तरखरमा छन् । उनी आफू मात्र होइन्, साथीहरुलाई पनि मतदान गर्न गाउँ जान भनिरहेका छन् । पुतली सडकमा रहेको भाषा सेन्टरमा पढेर युरोपमा थप अध्ययन गर्न जाने तयारीमा रहेका पराजुली भन्छन्, 'यति ठुलो आन्दोलन गरेर विशेष निर्वाचन हुदैंछ । एक भोटले हार जिन हुन्छ । त्यसैले जानुपर्छ ।' १९ वर्षमा उनले पहिलो पटक मतदान गर्दैछन् । 'समय जति लागोस् बाल, मत मतदान गर्न जाने हो,' उनले भने, 'जेजनीको भावनाअनुसार जसले योजना ल्याएको छ, त्यसैलाई मतदान गर्नुपर्छ ।' उनी युरोपको जस्तो विकास र प्रणाली नेपालमा देख्न चाहन्छन् ।

पहिलोपटक मतदान गर्न लागेकी काठमाडौं मैतीदेवीकी संगिता श्रेष्ठले भोट दिने उम्मेदवारसमेत चुनिसकेको बताइन् । 'चुनावमा एक मतको पनि महत्व हुन्छ । मतदान मेरो अधिकार मात्र होइन्, कर्तव्य पनि हो,'उनले भनिन् । मतदाता नामावली सूचीमा नाम दर्ता गर्न उनी आफै आयोग पुगेकी थिइन् । पहिलो मतदान भएकाले उत्सुक रहेको उल्लेख गर्दै श्रेष्ठ आफ्नो मत सदुपयोग गर्न युवा पुस्तालाई आग्रह गर्छिन् । 'हामीले पार्टी हेर्ने होईन्, उम्मेदवार हेर्ने हो । जसको राम्रो योजना छ, उसैलाई मतदान गर्नु पर्छ,'उनले भनिन् ,'सहि समय सान्दभिर्क भिजन भएको नेता छान्ने हो । यो अवसर गुमाउनु हुदैन् ।'



जेनजी आन्दोलन नहुँदो हो त आवधिक निर्वाचन दुई वर्षपछि २०८४ मा हुनेथियो । तर, विशेष परिस्थितिमा दुई वर्षअघि नै हुन लागेको चुनावमा पहिलो भोट हाल्न पाउँदा नयाँ मतदाता उत्साहित छन् । यसपटक थपिएको ९ लाख १५ हजार मतदातामध्ये अधिकांश जेनजी भएकाले नयाँ मतदातालाई निर्णायक मानिएको छ ।

सुनिता, विवेक र संगिताजस्ता नयाँ मतदाताहरु फागुन २१ गते हुने निर्वाचनका लागि उत्साहित छन् । मतदाता नामावलीमा नाम दर्ता भएका फागुन २० गतेसम्म १८ वर्ष पुरा भएकाले मतदान गर्न पाउने प्रावधान रहेको निर्वाचन आयोगले जनाएको छ । अध्ययन गर्न सहर पसेका उनीहरु योग्य नेता चुन्न गाउँ जाने तयारीमा छन् । उनीहरु जस्तै यसपटक देशभर ९ लाख १५ हजार १ सय १९ जना नयाँ मतदाताहरु छन् । जो पहिलो पटक मतदान गर्दैछन् । नयाँ मतदातामध्ये अधिकांश जेनजी उमेर समूहका भएकाले यसपटकको निर्वाचनमा यो समूहलाई निर्णायक मानिएको छ ।

निर्वाचन आयोगका सुचना अधिकारी सुमन घिमिरेका अनुसार, नेपालमा १ करोड ८९ लाख ३ हजार ६ सय ८९ मतदाता छन् । जनसंख्यामा पुरुषभन्दा महिला धेरै भए पनि मतदाता नामावलीमा महिलाको संख्या कम छ । पुरुष मतदाताको संख्या ९६ लाख ६३ हजार ३ सय ५८ छ रहेकोमा महिला मतदाताको संख्या ९२ लाख ४० हजार १ सय ३१ छ । झण्डै २ सय यौनिक पृष्ठ २ मा

# ईश्वर र प्रदीपको प्रतिस्पर्धामा सस्मितको टक्कर



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १० फागुन

तीन वर्षअघि नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेललाई 'डेब्यु' जित दिएको काठमाडौं ५ मा यसपटक रोचक चुनावी भिडन्त हुने देखिन्छ । नेकपा (एमाले) को बलियो संगठन रहेको यस क्षेत्रमा त्यतिबेला गठबन्धनको साथ पाएका पौडेललाई अघिल्लोपटकजस्तो सजिलो देखिँदैन् । यसपटक यहाँ पौडेलसँगै एमाले नेता ईश्वर पोखरेल, राप्रपाका नेता कमल थापा र रास्वपाका सस्मित पोखरेल मुख्य प्रतिस्पर्धी ठानिएको छ । यी दलसँगै नेकपा, उज्यालो नेपालसहित २६ उम्मेदवार चुनावी मैदानमा छन् ।

विगतका निर्वाचनमा कांग्रेस-एमालेबीच कडा प्रतिष्पर्धा हरेको यो क्षेत्रमा यसपटक रास्वपासहितका उम्मेदवारहरू पनि आक्रमक रूपमा लागेका छन् । बदलिदो परिवेशमा मतदातामा नयाँ लहर चल्नसक्ने अड्कलबाजी पनि भइरहेको छ । २०७९ को निर्वाचनमा यो क्षेत्रमा एमाले नेता पोखरेल र कांग्रेस महामन्त्री पौडेलबीच मुख्य प्रतिस्पर्धा हुँदा पौडेल १५ हजार २६९ मतसहित निर्वाचित भएका थिए ।




निकटतम प्रतिद्वन्द्वी एमालेका पोखरेलले १० हजार १९० मत ल्याएका थिए । तेस्रोमा रास्वपाका प्रणयशमशेर राणाले ५ हजार ४७७ मत प्राप्त गरेका थिए । तर, यो निर्वाचन क्षेत्रमा समानुपातिकमा सबैभन्दा बढी रास्वपाले ११ हजार ६४७ मत ल्याएको थियो । दोस्रोमा कांग्रेसले १० हजार ४३ र एमालेले ९ हजार ६५२ मत प्राप्त गरेको थियो । चौथोमा राप्रपाले ७ हजार २०१ मत प्राप्त गरेको थियो ।

यसपटक पनि कांग्रेस-एमालेबाट पोखरेल र पौडेल नै उम्मेदवार छन् । तर, यसपटक परिस्थिति अलि फरक छ । रास्वपाको चुनावी माहोलले काठमाडौं ५ मा पनि त्यसको प्रभाव पर्न सक्छ । तर, रास्वपाका तत्कालीन उम्मेदवार प्रणय राणा नै पार्टी छाडेर कांग्रेस प्रवेश गरेपछि कांग्रेसका उम्मेदवार पौडेलले राहत महसुस गरेका छन् । काठमाडौं-५ ले पहिलो पटक नै सांसदको रूपमा चिनाएकोले फेरि जनताले जिताउने उनको दाबी छ । 'मलाई यहाँका मतदाताले पुनः निर्वाचित गराउनुहुनेछ', पौडेलले भने, अघिल्लो निर्वाचनमा आघि सारेका पाँच वर्षमा गर्न योजना तीन वर्षमै निर्वाचनमा जानुपर्ने परिस्थितिले कतिपय पूरा भएका छैनन् । त्यसलाई पूर्णता दिने र जेनजीको भावनालाई समेत समेटेर नयाँ योजनासहित निरन्तरता पाउने अपेक्षा बोकेर फेरि जनतासामु आएको छु ।'

अहिले राप्रपाका कमल थापा पनि बलिया उम्मेदवार हुन् । त्यस्तै, नयाँको नारा लिएर आएको रास्वपाका उम्मेदवार सस्मित पोखरेलको पक्षमा पनि माहोल बन्दै गएको छ । यद्यपि, रास्वपाभित्रै असन्तुष्टि बढ्दा उनका पक्षमा परिणाम आउन सहज भने नभएको पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## एनआरएनए महाधिवेशनअघि मध्यपूर्वमा नेताहरूको सक्रियता
# श्रमिकका मुद्दा प्राथमिकतामा

■ **साउदी अरेबियाबाट अन्जान गुभाजु र कतारबाट तिलु शर्मा पौडेल**/मध्यान्ह

गैरआवासीय नेपाली संघ (एनआरएनए) को १२औं विश्व सम्मेलन तथा अन्तर्राष्ट्रिय महाधिवेशन (मार्च १४-१६, २०२६) नजिकिँदै गर्दा अध्यक्ष पदका प्रत्यासी डा. हेमराज शर्मा मध्यपूर्वका विभिन्न देशमा चुनावी अभियान तथा अन्तरक्रियामा सक्रिय भएका पृष्ठ २ मा



## भोजपुरका परिवारको मुख्य आम्दानी रेमिट्यान्स

**भोजपुर/रासस–** भोजपुर जिल्लाका अधिकांश परिवारको आर्थिक आम्दानीको मुख्य आधार वैदेशिक रोजगारी बन्दै आएको छ । वैदेशिक रोजगारबाट प्राप्त आयले यहाँका परिवारको दैनिकी सहज बने पनि आवश्यक जानकारी र सावधानी नअपनाउँदा कतिपय श्रमिक ठगी तथा शोषणमा पर्ने गरेका छन् । यही अवस्थालाई मध्यनजर गर्दै वैदेशिक पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

डकुमेन्टेसन अफिसर (Documentation Officer)

Salary: Negotiable

- न्यूनतम प्लस टु (+२) वा सो सरह उत्तीर्ण ।
- नेपाली र अंग्रेजी दुवै भाषामा राम्रो लेखन तथा मौखिक दक्षता ।
- कम्प्युटर (MS Office, MS Excel, Photoshop, Email, Internet) सम्बन्धी राम्रो ज्ञान भएको ।
- म्यानपावर रिक्रूटमेन्ट क्षेत्रमा डकुमेन्टेसन सम्बन्धी कार्यमा कम्तिमा १ वर्षको अनुभव भएकोलाई प्राथमिकता दिइनेछ ।

किचन तथा सरसफाई कर्मचारी (Kitchen/Cleaning Staff)

- व्यक्तिगत सरसफाई र स्वच्छतामा विशेष ध्यान दिने ।
- अफिस क्लिनिङ र किचन कार्यमा अनुभव भएकालाई प्राथमिकता दिइनेछ ।

Govt. Lic. No. 941/067/068

PERFECT DESTINATION PVT. LTD.
Kupondole -10, Lalitpur, Nepal
Mob. 9803152554, Tel 01-5269014 | 01-5268998
Email: perfect.documents941@gmail.com
: info@perfectdestination.com.np

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



**एकातिर...**

राणाको टिप्पणी छ। उम्मेदवारी छनोट प्रक्रिया संगठनको आधारमा प्राइमरी निर्वाचनबाट हुने भनिए पनि व्यवहारमा लागू नभएकोप्रति उनी असन्तुष्ट थिए ।

रास्वपा छाडेका ममता र प्रणय दुवै नेता कांग्रेस प्रवेश गरेका छन् । मधेशकी नेतृ शर्मा फागुन ६ मा जनकपुरमा चुनावी सभाबाट कांग्रेस प्रवेश गरेकी हुन् भने प्रणय काडमाडौं ५ मा चुनावी कार्यक्रमबाट । यी दुवै नेतालाई कांग्रेस सभापति गगन थापाले सदस्याता दिएर स्वागत गरे । यी दुई मात्र होइन्, पछिल्लो समय रास्वपाका प्रदेश, जिल्ला र पालिकास्तरका नेताहरुले पार्टी छाडिरहेका छन् ।

वागमती प्रदेशका उपसभापति दिनेश हुमागाईले दुई दिनअघि रास्वपा छाडे । उनले रास्वपा आफ्नो सिद्धान्तबाट विचलित भएको आरोप लगाउदै सो दलबाट अलग भएको बताएका छन् । उनी २०७९ को चुनावमा काभ्रे २ बाट प्रतिनिधिसभा सदस्य उम्मेदवार थिए । नुवाकोटका रास्वपा नेता अशोककुमार थापाले फागुन ९ मा पार्टी परित्याग गरे । थापाले पार्टी विचार र सिद्धान्तबाट विचलित हुँदै गएको तथा नेतृत्व नीतिभन्दा 'आशीर्वाद'का आधारमा चयन हुन थालेको आरोप लगाएका छन् । उनी पनि २०७९ सालको निर्वाचनमा नुवाकोट २ बाट रास्वपा उम्मेदवार थिए ।

यी प्रतिनिधि पात्र मात्रै हुन् । प्रतिनिधिसभाको निर्वाचनको समय नजिकिँदै जाँदा सामाजिक सञ्जालमा रास्वपाको पक्षमा जसरी लहर देखिएको छ, अर्कोतर्फ त्यसैगरी पहिरो जानेक्रम जारी छ। चुनावको मुखमा धमाधम पार्टी छाड्ने लहरले चुनावी परिणाममा धक्का लाग्ने त्रास बढेको रास्वपा नेताहरू बताउँछन् । छाड्नेहरुले पार्टी सञ्चालनको विधि, पद्धति र नेतृत्वको कार्यशैलीप्रति असन्तुष्टि जनाउनुका साथै समयको पदचापलाई पार्टीले पछ्याउन नसकेको आरोप लगाएका छ । त्यसो त, चुनाव सरगर्मी सुरु नहुँदै रास्वपा छाड्ने क्रम सुरु भइसकेको थियो । जसमा पूर्वमन्त्रीदेखि पूर्वप्रमुख सचेतकसमेत छन् । पूर्वमन्त्री सुमना श्रेष्ठले गत भदौको जेनजी आन्दोलनपछि पार्टी छाडेकी थिईन भने पूर्वप्रमुख सचेतक सन्तोष परियारले निर्वाचनको समानुपातिक बन्दसूची बुझाउने बेलामा पार्टी त्यागेका थिए । त्यस्तै, फागुन ६ मा संस्थापक सदस्य खेम कुमारी भुर्तेल (उर्मिला)ले वक्तव्य जारी गर्दै पार्टी परित्याग गरेको घोषणा गरिन् ।

केही समयअघि केन्द्रीय सदस्यहरू हरि भट्ट र डा. प्रभाव अधिकारीले राजीनामा दिएका थिए । पार्टी स्थापनाको दुई महिनामै संस्थापक केन्द्रीय सदस्य गीता रेग्मीले पार्टी छाडेकी थिइन् । पार्टीको विचार र नेतृत्वको गतिविधिप्रति असन्तुष्टि जनाउँदै उनी बाहिरिएकी हुन् । त्यस्तै अर्का केन्द्रीय सदस्य महेश्वर घिमिरेले पनि पार्टी छाडेका छन् । २०८० वैशाख १० को उपनिर्वाचनमा बारा-२ मा रास्वपाबाट उम्मेदवार बनेका पूर्वएआईजी रमेश खरेलले पनि अहिले रास्वपामा छैनन् । उनी स्वार्थ बाझिने गरी पार्टीले गृह मन्त्रालयको जिम्मेवारी लिन नहुने अडानमा थिए । तर, सभापति रवी लामिछाने उपप्रधानमन्त्री तथा गृहमन्त्री बनेपछि निरन्तर टिप्पणी गरेपछि रास्वपाले खरेललाई स्पष्टीकरण सोधेको थियो । स्पष्टीकरण बुझाउनुका साटो उनले 'पार्टीको नीति तथा सिद्धान्त आफ्नो प्राथमिकतासँग नमिलेको' भन्दै पार्टी छाडेर टिभी कार्यक्रमतिर लागेका थिए । अहिले उनी कांग्रेसका उम्मेदवारलाई सहयोग गर्दै हिडेका छन् ।

त्यस्तै, रास्वपाले पूर्वमहामन्त्री डा. मुकुल ढकाललाई पार्टीबाट निस्काशन गरेपछि पार्टीमा थप असन्तुष्टि चुलिदै गएको थियो । गत संसद्मा गएको सुरुमै रास्वपा विवादमा परेको थियो । मन्त्री बन्न पार्टीलाई पैसा बुझाउन मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँग रकम मागेको अडियो बाहिरिएपछि सांसद ढाकाकुमार श्रेष्ठलाई पार्टीले कारबाही गरेको थियो । लगत्तै उनले पार्टी छाडे । त्यसपछि निर्वाचन आयोग प्रमुखको जिम्मेवारीमा रहेका डा. अतीन्द्र दाहाल, पूर्वअनुशासन आयोग प्रमुख डा. भरतमणि देवकोटाले समेत सदस्यता त्याग गरेका थिए । कोशी प्रदेश सभापति राजेश तिमिल्सिना, कोशी प्रदेश निर्वाचन परिचालन समिति सभापति सञ्जीव भट्टराई, कोशी निर्वाचन परिचालन समिति उपसभापति प्रेमप्रसाद तिमिल्सिना, धरान उपमहानगर सभापति राम कार्की, धरानका उपसभापति रिचन राई र प्रदेश समिति सदस्य शिल्पा भट्टराईसहित अन्य कार्यकर्ताहरू थिए ।

२०८० पुसमा रास्वपा सुदूरपश्चिमका उपसभापति सृष्टि महरा र महामन्त्री भोजराज जोशीले पार्टी छाडे । २०८१ असारमा प्यूठान जिल्ला सभापति सुमन सुवेदीले पार्टी त्याग्दा चितवनका सभापति धर्मेन्द्र सापकोटाले समेत पार्टी छाडेका थिए । ०८० माघमा बर्दिया जिल्लाका झन्डै दुई दर्जन नेता-कार्यकताले रास्वपा छाडेका थिए । पार्टी-पङ्क्तिमा पदीय ध्वाँस, हैकमवादी चरित्र, धम्कीपूर्ण व्यवहार र गुट-उपगुट मौलाएको कारण पेश गर्दै २१ जनाले पार्टी परित्याग गरेको बताएका थिए । यता रास्वपा मकवानपुर जिल्ला सचिवालय सचिव भुवन खनालसहितको टोली पनि २०८१ असारमा रास्वपाबाट बाहिरिएको थियो । सोही भदौमा दाङ क्षेत्र नम्बर ३ का सभापति मेघराज केसीलगायत ५० भन्दा बढी स्थानीय नेताहरूले रास्वपा छाडेका थिए ।

पार्टी स्थापनाको छोटो समयमै एकपछि अर्को संस्थापक नेताहरू पलायन हुनुका साथै कतिपय नेता कारबाहीमा पर्दा समग्र पार्टीको आकार खिइँदै गएको भए पनि शीर्ष नेताहरूमै सुधार नदेखिएको रास्वपाका एक केन्द्रीय सदस्यले बताए । फागुन २१ मा हुने प्रतिनिधिसभाको निर्वाचनमा पहिलो दल बन्नेगरी देशभरको माहोल तयार गर्दै आएको रास्वपामा चुनावी माहोलसँगै अन्तर कलह पनि चुलिँदै गएको छ । पार्टी सभापति रवी लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाह चुनावी माहोल बनाउन देश दौडाहामा लागेका छन् । त्यसको ठिकविपरित रास्वपामा असन्तुष्टी जनाउँदै पार्टी स्थापनकालका जिम्मेवार नेताहरु धमाधम पार्टी परित्याग गर्ने लहर चलाएका हुन् । निर्वाचनपछि शक्तिशाली दल बन्ने माहोल देखिए पनि चुनावको मुखमा पार्टी छाड्ने लहरले रास्वपाको आन्तरिक कलह छताछुल्ल हुने त्रास बढेको केन्द्रीय समितिका नेताहरूले बताएका छन् । यद्यपि उनीहरू असन्तुष्ट नेताहरूलाई चुनावसम्म मात्रै भए पनि रोक्न चाहान्छ न् । संस्थापक नेताहरुले नै धमाधम पार्टी छोडेको घोषणा गरेपछि चुनावी परिणाममा असर पर्नसक्ने विश्लेषणसहित आन्तरिक रणनीतिमा रास्वपा लागेको छ ।

पार्टी छाडेका नेताहरूले नयाँको नारा दिएर जनता र जेनजी आन्दोलनमाथि नै धोका हुँदै आएको टिप्पणी गरेका छन् । वागमती प्रदेश उपसभापतिसहित साधारण सदस्यता छाडेका दिनेश हुमागाईले टिप्पणी गरे, 'फागुन २१ गतेको निर्वाचनमा चटकदारलाई मत हाल्ने होइन, राजनीतिक व्यक्ति, देश बुझेको व्यक्ति र समाज बुझेको व्यक्ति तथा पार्टी छान्नुहोस् । चुपचाप फलानो छाप भन्ने होइन, धेरै अध्ययन गरेर मत हाल्नुस् । दुईचार दिन सोंचे पनि हुन्छ । तर देशले निकास पाउनुपर्छ, स्थायी सरकार बन्नुपर्छ ।'

देश हाल गम्भीर अवस्थामा पुगेको भन्दै उनीहरूले सामाजिक सञ्जालको भ्रमबाट बाहिर निस्केर सोचविचार गर्न अपिल गरे । अध्ययन-विश्लेषण गरेर मात्र मतदान गर्न र स्थायी सरकार निर्माणका लागि विवेकपूर्ण निर्णय लिन उनीहरूले आह्वान गरेका छन् । त्यस्तै ममता शर्माले पार्टीभित्र अपारदर्शिता बढ्दै गएको बताइन् । 'थितिको थालनी, वेथितिको अन्त्य भनेको साढे तीन वर्षमै उल्टो भयो', उनले भनिन्, 'पार्टीले पारदर्शिताको कुरा गर्थ्यो, तर भित्र अपारदर्शिता धेरै देखियो । त्यसैले रास्वपामा लागेका साथीहरू दैनिक रूपमा पार्टी छाड्दै छन् ।' पार्टीका सदस्यलाई स्क्याम गरेर चुनावको मुखमा नेतृत्व छान्ने अधिकार संगठनबाट खोसेर नेता विशेषका मान्छेहरूलाई भित्र्याएको असन्तुष्ट नेताहरूले टिप्पणी गरेका छन् ।

रास्वपा संस्थापन पक्षले भने छिटपुट व्यक्तिले पार्टी छाड्दैमा खासै असर नपर्ने दाबी गरेका छन् । 'पार्टीका कुनै एक-दुई जनाले पार्टी छाड्दैमा खासै फरक पर्दैन', नेता विराजभक्त श्रेष्ठले भने, 'एक जना निस्कँदा सयजना भित्रिरहेका छन् । लाखौंको समर्थन जुटिरहेको छ । हामी यो निर्वाचनमा बहुमत ल्याउने योजनाका साथ लागेका छौं ।'

**निर्णायक...**

अल्पसंख्यक मतदाता सूचीकृत छन् । सबैभन्दा बढी १ लाख ८७ हजार ९ सय ५२ मतदाता रामेछापमा छन् । सबैभन्दा कम झण्डै ७ हजार मतदाता मनाङ जिल्लामा छन् ।

निर्वाचन कार्यालय अनुसार, सबैभन्दा बढि बागमती प्रदेशमा ३६ लाख ८२ हजार ३ सय १० जना मतदाता छन । त्यस्तै मधेश प्रदेशमा ३६ लाख ३६ हजार ४ सय १४ जना, कोशी प्रदेशमा ३५ लाख ७४ हजार ३ सय १०, लुम्बिनी प्रदेशमा ३३ हजार ८६ हजार ६ सय ८० मतदाता छन् । त्यसैगरी गण्डकी प्रदेशमा १८ लाख ७० हजार ६५ सय मतदाता छन् भने सुदुरपश्चिममा १७ लाख १६ हजार ६ सय ६० जना र सबैभन्दा कम कर्णाली १० लाख ३७ हजार २ सय ५० जना मतदाता छन् ।

**ईश्वर...**

स्थानीयहरू बताउँछन् । रास्वपाका पोखरेलले २०७९ को चुनावमा काठमाडौं-५ (क) बाट प्रदेशसभामा स्वतन्त्र उम्मेदवारी दिएका थिए । उनी चुनावमा पराजित भएपछि काठमाडौं महानगरमा निवर्तमान प्रमुख बालेन्द्र साहको शिक्षा सल्लाहकार भएर काम गरेका थिए । स्थानीय बासिन्दा पोखरेलले युवा पुस्तालाई नेतृत्वमा पुऱ्याउन विश्वाससहित अघि बढेको बताएका छन् ।

एमाले नेता पोखरेल पनि गत निर्वाचनका घाइते उम्मेदवार भएकाले मतदाताले आफूलाई रोज्नेमा आशावादी देखिन्छन् । लोकतन्त्रमा जनताको फैसलालाई स्वीकार गर्नुपर्ने उल्लेख गर्दै उनी भन्छन्, 'हामी प्रतिस्पर्धामा विश्वास गर्छौं । नयाँ साथीहरू प्रतिस्पर्धामा आउनु राम्रो हो । जस्तोसुकै परिणाम आए पनि स्वीकार गर्ने हिम्मत नेतृत्वले राख्नुपर्दछ । तर काठमाडौं ५ ले यो पटक मलाई न्याय गर्छ भन्नेमा विश्वस्त छु ।'

रास्वपाका सस्मित, उज्यालो नेपाल पार्टीका श्रीराम गुरुङ, गतिशील लोकतान्त्रिक पार्टीकी निशा अधिकारी लगायतका उम्मेदवारहरूले आफू जित्ने दाबी गरिरहेका छन् । नेकपाकी कल्पना शर्मा पनि प्रतिस्पर्धामा छिन् । उनी २०७४ को स्थानीय तहको चुनावमा तत्कालीन माओवादीबाट टोखा नगरपालिकाको प्रमुखमा उम्मेदवारी दिएकी थिइन् । भ्रष्टाचार र बेतिथिको विरुद्धमा आवाज उठाउने योजना लिएर अघि बढेकी शर्माले सुशासन समृद्धि र सामाजिक न्यायको लागी आफ्नो उम्मेदवारी रहेको दाबी गरेकी छन् ।

राप्रपाका थापा यसअघिको मकवानपुर-१ बाट चुनाव लड्दै आएका थिए । २०७९ को चुनावमा मकवानपुरबाट एमालेको सूर्य चिह्न लिएर उठेका उनी राप्रपाका दीपक सिंहसँग थापा पराजित भएका थिए । यसपटक उनी राप्रपामै फर्किएर निर्वाचन क्षेत्र फेरेर काठमाडौं आइपुगेका हुन् । धर्म र संस्कृतिप्रति आस्था र विश्वास राख्ने, भ्रष्ट शासकबाट मुक्ति चाहने बहुसंख्यक मतदाता भएको कारणले उनले विजयी हुने अपेक्षा गरेका छन् ।

उज्यालो नेपाल पार्टीका श्रीराम गुरुङ २०७९ को चुनावमा काठमाडौं-५ बाट प्रतिनिधिसभामा स्वतन्त्र उम्मेदवार थिए । यसपटक उनी कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टीबाट मतदातामाझ प्रस्तुत भएका छन् । पर्यटन व्यवसायीबाट राजनीतिमा आएका उनी अन्तर्राष्ट्रिय सहकार्यमा वार्षिक ३५ लाख पर्यटक भित्र्याउने र आर्थिक रुपान्तरण र समृद्धिको एजेन्डा बोकेका छन् । गतिशील लोकतान्त्रिक पार्टीकी उम्मेदवार निशा अधिकारी अभिनेत्री हुन् । उनी पहिलो पटक चुनावी मैदानमा छन् । उम्मेदवार २६ भएपनि यो निर्वाचनमा नेपाली कांग्रेस-एमाले र रास्वपाबीच नै मुख्य प्रतिष्पर्धा हुने देखिएको छ ।

**श्रमिकका...**

छन् । बहराइनपछि साउदी अरब हुँदै कतार पुगेका शर्माले वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकका समस्या समाधानलाई आफ्नो प्रमुख एजेन्डा बनाएका छन् ।

साउदी अरबको दम्मामस्थित एभरेस्ट नेपाली होटलमा आयोजित सुरक्षित, मर्यादित र सीपमूलक वैदेशिक रोजगारी विषयक अन्तरक्रियामा बोल्दै वर्तमान कार्यसमितिका उपाध्यक्षसमेत रहेका शर्माले साउदीमा कार्यरत नेपाली श्रमिकका समस्या प्रत्यक्ष रूपमा बुझ्ने अवसर मिलेको बताए । उनले राहदानी शिविर सञ्चालनका लागि आवश्यक आर्थिक स्रोत जुटाउन पहल गर्ने तथा संघले गर्न सक्ने काम तत्काल अघि बढाउने प्रतिबद्धता जनाए ।

उनले सुरक्षित र सीपमूलक वैदेशिक रोजगारीलाई आफ्नो दीर्घकालीन एजेन्डा भएको उल्लेख गर्दै महाधिवेशनमा अध्यक्ष पदमा उम्मेदवारी दिएको र समर्थन अपेक्षा गरेको बताए ।

उक्त कार्यक्रममा महिला उपाध्यक्ष रोजिना प्रधान राई, युरोप संयोजक डा. चिरञ्जीवी खड्का र मध्यपूर्व संयोजक राजेन्द्र अर्यालसहितको टोली सहभागी थियो। खुला छलफलमा श्रम, बिमा, सरकारी भूमिका र एनआरएनएको प्रभावकारिताबारे प्रश्न उठाइएका थिए ।

यसैक्रममा शनिबार साँझ कतारमा आयोजित स्वागत तथा भेटघाट कार्यक्रममा सम्बोधन गर्दै शर्माले संस्थाभित्र देखिएका उतारचढावबीच एकताको वातावरण बनेको दाबी गरे । मध्यपूर्वका नेपालीका मुद्दा सुनेर निर्वाचित भएपछिको कार्ययोजना निर्माण गर्न सहज हुने उनले बताए ।

उनले विश्वभर करिब ८० लाख नेपाली प्रवासमा रहे पनि एनआरएनएको परिषद् सदस्य संख्या अपेक्षाकृत कम रहेको उल्लेख गर्दै भविष्यमा सदस्यता विस्तार गर्ने लक्ष्य सुनाए । आफू निर्वाचित भए परिषद् सदस्यहरूले मोबाइलबाटै मतदान गर्न पाउने व्यवस्था मिलाउने प्रतिबद्धता व्यक्त गरे ।

शर्माले प्रवासी नेपालीलाई मताधिकार सुनिश्चित गराउनुपर्ने विषयलाई पनि जोड दिए । सर्वोच्च अदालतले विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार दिन निर्देशन दिएको प्रसंग उल्लेख गर्दै यसलाई कार्यान्वयनका लागि पहल गर्ने बताए ।

महिला उपाध्यक्ष रोजिना प्रधान राईले मध्यपूर्वमा कार्यरत महिलाको अवस्थाबारे चिन्ता व्यक्त गर्दै आमाकै नामबाट नागरिकता दिनुपर्ने विषयमा देखिएका कठिनाइ समाधान गर्न संघ सक्रिय हुनुपर्ने धारणा राखिन् ।

युरोप संयोजक डा. चिरञ्जीवी खड्काले एनआरएनएभित्र राजनीतिक प्रभाव बढ्दा संस्थाको छवि प्रभावित भएको टिप्पणी गर्दै आगामी कार्यकालमा महासचिव पदमा काम गर्ने इच्छा व्यक्त गरे ।

मध्यपूर्व संयोजक राजेन्द्र अर्यालले कोभिड-१९ का बेला साउदीमा स्थापना गरिएको सेल्टर कार्यक्रम स्मरण गर्दै श्रमिक हितका लागि थप जिम्मेवारीसहित अघि बढ्ने बताए ।

कार्यक्रमका क्रममा कतारस्थित दुई एनसीसीबीचको एकताको विषय पनि उठेको थियो । एनसीसी कतारका पदाधिकारीहरूले केन्द्रबाट आउने पत्राचारमा प्रयोग हुने 'आमसहमति' शब्दले प्राविधिक समस्या सिर्जना गर्ने गरेको उल्लेख गर्दै स्पष्ट मार्गदर्शन आवश्यक रहेको बताएका थिए । केही वक्ताले रेमिटेन्स शुल्क घटाउन एनआरएनए र नेपाल सरकार दुवैले पहल गर्नुपर्ने धारणा पनि राखे ।

परराष्ट्र मन्त्रालयले विधानअनुसार निर्वाचन सम्पन्न गर्न निर्देशन दिएसँगै एनआरएनएका नेताहरू देश-विदेश दौडाहामा छन् । शर्माले मध्यपूर्वका बहराइन, साउदी, कतार र युएईलगायत देश भ्रमण गरी चुनावी अभियानलाई तीव्रता दिएका छन् ।

मध्यपूर्वमा कार्यरत नेपाली श्रमिकका मुद्दा, संस्थागत एकता, सदस्यता विस्तार र डिजिटल मतदान प्रणालीलाई प्रमुख एजेन्डा बनाउँदै शर्मा नेतृत्वको टोलीले समर्थन मागिरहेको छ ।

**भोजपुरका...**

रोजगारलाई सुरक्षित, मर्यादित र शोषणरहित बनाउने उद्देश्यले वैदेशिक रोजगारका लागि सुरक्षित आप्रवासन (सामी) कार्यक्रमले जनस्तरसम्म सचेतनामूलक गतिविधि सञ्चालन गर्दै आएको छ । कार्यक्रममार्फत वैदेशिक रोजगारीसम्बन्धी जोखिम न्यूनीकरण र सुरक्षित आप्रवासनका विषयमा जानकारी दिँदै आएको हो ।

सामीका भोजपुर जिल्ला कार्यक्रम संयोजक कर्ण पुलामीमगरका अनुसार वैदेशिक रोजगारीलाई सुरक्षित र जोखिममुक्त बनाउन जनस्तरमा सचेतना फैलाउने कार्य प्रभावकारी बन्दै गएको छ ।

'वैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन गाउँगाउँमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेका छौं,' उनले भने ।

कार्यक्रमअन्तर्गत आप्रवासी स्रोत केन्द्रमार्फत वैदेशिक रोजगारीसम्बन्धी परामर्श सेवा प्रदान गरिनुका साथै ठगीमा परेका व्यक्तिलाई निःशुल्क कानुनी सेवाका लागि सहजीकरण गरिँदै आएको छ । साथै वैदेशिक रोजगारीका क्रममा अंगभंग भएका वा मृत्यु भएका श्रमिकका परिवारलाई क्षतिपूर्ति प्राप्तिका लागि आवश्यक पहलसमेत गरिँदै आएको छ ।

त्यसैगरी विप्रेषणलाई आयमूलक क्षेत्रमा सदुपयोग गर्न वित्तीय साक्षरता कार्यक्रम, मनोसामाजिक परामर्श कक्षा तथा क्षमता अभिवृद्धिका गतिविधि सञ्चालन हुँदै आएको सामी भोजपुरले जनाएको छ ।

**लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/११/११**

यस सा.व.उ.स बाट संकलन भएको साल गोलिया काठ १०८०.७५ क्यू फिट र साल दाउरा १ चट्टा लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**मधुवन सा. वन उपभोक्ता समूह, देवघाट ५, तनहूँ ।**

**लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/११/११**

यस सा.व.उ.स बाट संकलन भएको साल गोलिया काठ ४०८.८२ क्यू फिट लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**सिता सा. वन उपभोक्ता समूह, देवघाट ५, तनहूँ ।**

लुम्बिनी प्रदेश सरकार

**उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय**

## जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय

सन्धिखर्क अर्घाखाँची

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/११/११**

यस कार्यालयको मिति २०८२/०९/२८ मा मिसन टुडे राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार प्राप्त भएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित निर्माण व्यवसायीले कबोल गरेको बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही भइ स्विकृतिको लागि छनोट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | निर्माण स्थल/जिल्ला | निर्माण व्यवसायीको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|
| WIDDARG/ NCB 11/082-83 | भूमिकास्थान-०५, अर्घाखाँची | एच, बैजाली कन्स्ट्रक्सन मध्यपुर थिमी-०४, भक्तपुर | २०५०५८३.२५ (बिस लाख पचास हजार पाँच सय त्रियासी रुपैयाँ पचिस पैसा मात्र) |
| WIDDARG/NCB 12/082-83 | शितगंगा-१४, अर्घाखाँची | एच,बैजाली कन्स्ट्रक्सन मध्यपुर थिमी-०४, भक्तपुर | १३५१७३२.५३ (तेह्र लाख एकाउन्न हजार सात सय बतीस रुपैयाँ त्रिपन्न पैसा मात्र) |
| WIDDARG/NCB-13/082-83 | छत्रदेव-०६ र ०८, अर्घाखाँची | जी. आर. एस. कन्स्ट्रक्सन एण्ड सप्लायर्स रेसुंगा -०८, गुल्मी | १६५८९१६.०९ (सोह्र लाख अन्ठाउन्न हजार नौ सय सोह्र रुपैयाँ नौ पैसा मात्र) |

**नि. डिभिजन प्रमुख**

**Kuwait मा रोजगार** Sandoqi Retail Company For Gifts and Accessories
पूर्व स्वीकृति मितिः २०८२/११/१० चलानी नं.:६०२५२८२० LT No. 339348

| सि.नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cashiers | 2 | कामामा दक्ष | 170 | ८०,५६०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ फागुन १८ गते (2 March, 2026) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

Aagaman Human Resources Pvt. Ltd. Gov. Lic No. 1743/080/081
Tokha–7, Basundhara Cahuki, Kathmandu,Tel: 01-4971720
9849112323, 9849329081, Email : dhadingnepal23@gmail.com

**Bahrain मा रोजगारको अवसर** SOUTHLINK CONTRACTING CO W.L.L
पूर्व स्वीकृती मितिः २०८२/११/८ चलानी नं.:६०२५२७४७ LT No.: 339241

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Helper | 21 | 0 | साधारण | 100 | ३८,५३०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता : २०८२ फागुन १८ देखि २२ गते (2 to 6 March, 2026) सम्म यस प्रा. लि. को कार्यालय महाराजगंज, काठमाडौंमा हुनेछ ।

AL-KARIM HUMAN RESOURCES PVT. LTD. Govt Lic.: 1181/073/74
Maharajgunj, Chakrapath, Kathmandu Tel.:01-4521108, 4521056

**मलेसियामा रोजगार** कम्पनी : JCLEAN LAUNDRY SDN BHD शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/११/१० चलानी नं.: ६०२५२८२२ LT. No.339396

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry Worker | 50 | 0 | स. काममा दक्ष | 1700 | ६३,२७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १८ देखि २२ गते (2 to 6 March 2026) मा हुनेछ ।

SWIFT H.R. GROUP AND MANAGEMENT SERVICE PVT.LTD. इजाजत नं.: ८०१/०६५/०६६
Milijuli Marg, Chakrapath-04, Kathmandu, Nepal | Tel : 01-5926707
E-mail: Swifthrgroup@gmail.com. Mobile: 9851363948, 9808270475 .

**Free Visa ! Free Visa !! सहित UAE मा रोजगारको अवसर**
COMPANY NAME : SAEEDA MALLAH TECHNICAL SERVICES
पूर्व स्वीकृती मितिः २०८२/११/१० चलानी नं.:६०२५२७६९ LT No.: 339275

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Electrician. | 2 | 0 | काममा दक्ष | 1500 | ५९,३००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | General Building Painter | 2 | 0 | | 1500 | ५९,३००।- | | | | | | | |
| ३. | Plumber | 2 | 0 | | 1500 | ५९,३००।- | | | | | | | |
| ४. | Scaffolder | 2 | 0 | | 1500 | ५९,३००।- | | | | | | | |
| ५. | Welder General | 2 | 0 | | 1500 | ५९,३००।- | | | | | | | |

अन्तरवार्ता २०८२ फागुन १८ गते (2 March, 2026) यस प्रा. लि. को कार्यालय सामाखुशी काठमाडौंमा हुनेछ ।

ईम्पावर ओभरसिज प्रा. लि. श्रम ईजाजत नं.: ११०६/०७३/०७४
टोखा-१०, सामाखुशी, काठमाडौं, फोनः ०१-४९८२७१२, ९७६७२७२४५२, ९७६१९८५६९८५
Email:empoweroverseas2074@gmail.com | Web: www.empoweroverseas.com.np

**Saudi मा रोजगार** Ayyiwa Alarabiyya Ltd. Company
पूर्व स्वीकृती मितिः २०८२/११/१० चलानी नं. : ६०२५२८१९ LT No.: 339411

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Assistant Administrator | 3 | 0 | कामामा दक्ष | 2000 | ९९,८००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ फागुन १८ गते (2 March 2026) यस प्रा. लि. को कार्यालय बालकुमारी, ललितपुरमा हुनेछ ।

DIANA OVERSEAS डायना ओभरसिज प्रा. लि. श्रम ईजाजत पत्र नं :४०८/०६०/०६१
बालकुमारी, ललितपुर, फोनः ५१८६३८४, ५१८६३८५, ५१८६३२८, ५१८६४२९

**Saudi मा रोजगार** Abdal Human Resource Company A Closed Joint Stock Company
पूर्व स्वीकृती मितिः २०८२/११/८ चलानी नं. : ६०२५२८१० LT No. : 339285

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Waiter | 75 | 0 | काममा दक्ष | 1200 | ४६,८५०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Kitchen Worker | 75 | 0 | | 1000 | ३८,७१०।- | | | | | | | |

पूर्व स्वीकृती मितिः २०८२/११/८ चलानी नं. : ६०२५२८०९ LT No. : 339286

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Food & Beverage Controller | 75 | कामामा दक्ष | 1000 | ३८,७१०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**Free Visa ! Free Ticket !! Free Recruitment !!!**
**(Zero Cost) सहित Saudi Arabia मा रोजगारको अवसर**
Alfanar Closed Joint Stock Company
पूर्व स्वीकृती मितिः २०८२/११/१० चलानी नं. : ६०२५२८०८ LT No. : 339284

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Office and Facility Cleaner | 8 | कामामा दक्ष | 1100 | ४२,५८०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ फागुन १८ गते (2 March, 2026) यस प्रा. लि. को कार्यालय ललितपुरमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ३) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ४) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ५) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि. श्रम ईजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, थसिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

# मरिण गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली

## वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मितिः २०८२/११/११)**

यस कार्यालयको वोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम रितपूर्वक पेश हुन आएका वोलपत्रहरु मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही रहेका देहाय बमोजिमका वोलपत्रहरु स्वीकृत गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण वोलपत्रदाताहरुको जानकारीको लागि आशयको सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| वोलपत्र सम्बन्धी सुचना प्रकाशन मिति | सूचना प्रकाशित पत्रिका | वोलपत्र नं. | कामको विवरण | न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही वोलपत्रदाता | कबोल रकम रु. (पि.एस र मू.अ. कर समेत) |
|---|---|---|---|---|---|
| २०८२/०९/२९ | हिमालय टाइम्स राष्ट्रिय दैनिक | MRM/Sindhuli/Works/NCB/05/2082-2083 | Barun Brihat Khanepani Aayojana, Ward Number-3" | श्री नवलक्ष्मी निर्माण सेवा, मन्थली न.पा.-०६, रामेछाप | ५२,९३,१९५।६३ |

**प्रमुख प्रशासकीय अधिकृत**

# रौतहटमा सर्वपक्षीय पाँच बुँदे सहमति सोमबार सद्भाव र्‍याली निकालिने

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १० फागुन

रौतहटको सदरमुकाम गौर नगरपालिका-६ सबगढामा केही दिनयता उत्पन्न धार्मिक तथा सामाजिक तनावलाई नियन्त्रणमा लिन सर्वपक्षीय बैठकले पाँच बुँदे निर्णय गरेको छ ।

जिल्ला प्रशासन कार्यालयमा सम्पन्न बैठकले बिग्रँदै गएको परिस्थितिलाई सुधार गर्दै जिल्लामा शान्ति र सुव्यवस्था कायम गर्न सोमबार सद्भाव र्‍याली आयोजना गर्ने निर्णय गरेको हो । गत फागुन ७ गते रातिदेखि सबगढामा सुरु भएको सामान्य विवाद फागुन ८ गतेबाट उग्र बनेको थियो ।



स्थानीय प्रतिनिधि र समुदायका अगुवाबीच छलफल गरी ६ बुँदे सहमति जुटाइए पनि फागुन ९ गते बिहानैदेखि अवस्था पुनः जटिल बनेपछि जिल्ला सुरक्षा समितिले सोही दिन दिउँसो १ बजेदेखि कर्फ्यु आदेश जारी गरेको थियो । हालसम्म कर्फ्यु यथावत रहेको छ ।

घटनाका क्रममा भएका उच्छृङ्खल गतिविधिप्रति खेद प्रकट गर्दै शान्तिपूर्ण वातावरण कायम गर्न सरोकारवाला सबै पक्षबाट साझा सार्वजनिक अपिल जारी गर्ने, सबगढा विवाद समाधानका लागि दुवै पक्षका स्थानीय भद्रभलादमी र अगुवाहरूलाई सहभागी गराई जिल्ला सुरक्षा समितिले औपचारिक तथा अनौपचारिक संवादलाई तीव्रता दिने, अन्तर्राष्ट्रिय स्तरका पुराना वा बाह्य घटनालाई रौतहटसँग जोडेर सामाजिक सञ्जालमा भ्रम फैलाउनेहरूमाथि कडा निगरानी राख्ने, धार्मिक तथा सामाजिक सद्भाव विथोल्ने प्रयास गर्ने व्यक्तिको पहिचान गरी कानुनी कारबाही अघि बढाउन प्रहरी प्रशासनलाई आग्रह गर्ने र जिल्लाभर सकारात्मक सन्देश प्रवाह गर्न नागरिक समाजको अगुवाइमा सोमबार बिहान ७:३० बजे सबगढामा बृहत् सद्भाव र्‍याली आयोजना गर्ने निर्णय भएको छ । बैठकमा सहभागी पक्षहरूले शान्ति र सामाजिक सौहार्द जोगाउन आ-आफ्नो क्षेत्रबाट सक्रिय सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

जिल्ला प्रशासनले हालको संवेदनशील परिस्थितिलाई मध्यनजर गर्दै कुनै पनि उत्तेजक गतिविधिमा संलग्न नहुन तथा अफवाहमा विश्वास नगर्न सर्वसाधारणलाई आग्रह गरेको छ । सोमबार आयोजना हुने सद्भाव र्‍यालीले बिग्रिएको सामाजिक सम्बन्ध पुनः सुदृढ गर्दै रौतहटमा शान्ति र एकताको सन्देश फैलाउने अपेक्षा गरिएको छ ।

---

**सुदूरपश्चिम प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
## महाकाली प्रादेशिक अस्पताल
**महेन्द्रनगर कञ्चनपुर**

### बोलपत्र स्वीकृतका लागि आसयपत्र जारी गरिएको सूचना

**सूचना प्रकाशित मितिः-२०८२/११/११**

यसप्रादेशिक अस्पतालबाट मिति २०८२/०८/२२ गतेमा राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न लिखित कार्यको लागि विद्युतीय बोलपत्र आव्हान गरिएकोमा दर्ता हुन आएका बोल-पत्रहरुको मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई तपशिलमा उल्लेखित फर्मको बोलपत्रमा उल्लेखित रकम सारभूत रुपमा प्रभावग्राही देखीएको हुँदा निजको फर्मको कबोल अंक सदर गरी ठेक्का स्वीकृतका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ सोहि ऐनको उपदफा २ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | स्वीकृत भएको फर्मको नाम र ठेगाना | मु.अ.कर सहित स्वीकृत रकम |
|---|---|---|---|
| MMPH/NCB/ SS/2082/083/02 | सुरक्षा तथा सरसफाईकर्मी सेवा आपूर्ति कार्य | नेपाल पूर्वप्रहरी सेकुरिटी सर्भिस प्रा. लि. टोखा ७ काठमाण्डौ | ७१,४६,२८४।३५ |

---

# KI Singh Rural Municipality
## Office of The Rural Municipal Executive
**Wayal, Doti Nepal**

### Invitation for Electronic Bid

**Date of publication: 2082/11/11 (Feb 23, 2026)**
**Invitation for Bids No: 01/NCB/G/KISRUM/2082/083**

1. *The **KI Singh Rural Municipality, Office of the Rural Municipal Executive Wayal, Doti** invites **electronic** bids under National competitive bidding – Single Stage Single Envelope procedures specified in public procurement Act & Regulations as follows:*

| *IFB no:-* | *Description of Goods:* | *Bid Security* | *Bid Security Validity* |
|---|---|---|---|
| *01/NCB/G/ KISRUM/2082/083* | *Procurement Supply, Delivery & Installation of Medical Equipments & Instruments* | *NRs 2,30,000/- (Rupees Two Lakh Thirty Thousand only)* | *2083/04/08 (July 24, 2026) or 120 days beyond the day of bid opening.* |

2. *Eligible Bidders may obtain further information at kisingh.rm@gmail.com Mob no: - 9849916004 and inspect the bidding documents at PPMO egp system www.bolpatra.gov.np/egp.*

***Chief Administrative Officer***

---

**Government of Koshi Provincial**
**Ministry of Water Supply,Irrigation and Energy**
## Water Supply and Sanitation Division Office
**Khotang, Nepal**

### Invitation For Bid

**First Date of Publication : 11/11/2082 (23/02/2026)**

1. The Water Supply and Sanitation Division Office, Khotang, hereby invites electronic bids from interested and eligible bidders for the procurement and Supply of HDPE Pipe under the National Competitive Bidding (NCB) procedure.

| SN | Contract ID No. | Description of Work | Cost of Bidding Document (NRs) | Estimated Amount (NRs.) (Including VAT) | Bid Validity Period | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | Contract ID No.:WSSDO /NCB/Goods/02/082/83 | Procurement and Supply of HDPE Pipe | NRs.3000.00 (a non-refundable fee) | 7,102,082.88 | 90 days | NRs. 1,58,000.00 |

2. Any Conditions not covered shall be as per public procurement Act 2063 and public procurement Regulations 2064.Any amendments in tender notice shall be published in www.bolpatra.gov.np/egp.
3. Eligible bidders may obtain further information from the office of Water Supply and Sanitation Division Office,Khotang or May visitPPMO web portal www.bolpatra.gov.np/egp

**Division Chief**

---


## कतारमा रोजगार
कम्पनीः STAR GLOBAL TRADING — शहरः Qatar,DOHA
पूर्व स्वीकृत मितिः २०८२/११/१० — चलानी नं. ६०२५२७६४ — LT. No.: 339381

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३९८८० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Cashiers | 0 | 5 | | 1500 | ५९८२० | | | | | | | |
| 3. | Ceramic Worker | 2 | 0 | | 1500 | ५९८२० | | | | | | | |
| 4. | Cleaners Male | 2 | 0 | | 1000 | ३९८८० | | | | | | | |
| 5. | Driver | 2 | 0 | | 1500 | ५९८२० | | | | | | | |
| 6. | Electric Tech/plumber | 3 | 0 | | 1500 | ५९८२० | | | | | | | |
| 7. | Foreman | 3 | 0 | | 2500 | ९९७०० | | | | | | | |
| 8. | Gen Clean Workers | 0 | 3 | | 1000 | ३९८८० | | | | | | | |
| 9. | General Builder | 1 | 0 | | 1000 | ३९८८० | | | | | | | |
| 10. | Office Cleaner | 1 | 0 | | 1000 | ३९८८० | | | | | | | |
| 11. | Receptionist | 0 | 1 | | 1500 | ५९८२० | | | | | | | |
| 12. | Receptionist (Female) | 0 | 1 | | 1500 | ५९८२० | | | | | | | |
| 13. | Representative | 1 | 0 | | 2500 | ९९७०० | | | | | | | |
| 14. | Service Agents | 2 | 0 | | 1500 | ५९८२० | | | | | | | |
| 15. | Stone Mason | 2 | 0 | | 1500 | ५९८२० | | | | | | | |
| 16. | Supervisor | 2 | 0 | | 2500 | ९९७०० | | | | | | | |
| 17. | Tile Maker | 2 | 0 | | 1500 | ५९८२० | | | | | | | |
| 18. | Waiter | 0 | 3 | | 1400 | ५५८३२ | | | | | | | |
| 19 | Worker | 2 | 0 | | 2200 | ८७७३६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १८ गते (2 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Concept Placement Resource Pvt. Ltd.**
Basundhara 5, Kathmandu Nepal.Contact: 977 15918247, 9801186314.
9856065197, 9815184464, 9802368314, Email:inquiry@cpr.com.np, Website:www.cpr.com.np
Gov. Lic. No. 1636/080/081



## मलेसियामा रोजगार
कम्पनीः EMFORCE SDN BHD — शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/११/०८ — चलानी नं.: ६०२५२७४२ — LT. No.: 339264

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 40 | 0 | स. काममा दक्ष | 1700 | ६३,२७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १८ गते (2 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**B.S. HUMAN RESOURCE PVT.LTD.** श्रम इजाजत नं. १७०२/०८१/८२
Sinamangal-09, Kathmandu, Nepal. Tel: 01-5922084 | 5922085, Web.: www.bshumanresources.com.np, Email: bshrmanpower@gmail.com | info@bshumanresources.com.np, Phone No: 9802373050, 9827652060, 9709957705, 9815890809.



## साउदीमा रोजगार
कम्पनीः RAWABI AL REEM GENERAL CONTRACTING ESTABLISHMENT — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/११/१० — चलानी नं.: ६०२५२७७३ — L.T. No.:339369

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Labor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३८,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १८ गते (2 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**FAZAL INTERNATIONAL PVT. LTD.** Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210



## साउदीमा रोजगार
कम्पनीः UNITED JAZAL LIMITED COMPANY — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/११/१० — चलानी नं.: ६०२५२७९८ — LT. No.: 339366

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck/trailer Driver | 2 | 0 | स. काममा दक्ष | 2200 | ८५,२०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०८२ फागुन १८ गते (2 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.** श्रम इजाजत पत्र नं. ११३/०५५/०५६
चाकुपाट, ललितपुर, नेपाल, फोन : ५२६८२२४
Mobile: 9847275969, 9851008664, 9851071822, 9863775437, 9851190207, 9801232406, Itahari Contact No: 9852049211



## बहराइनमा रोजगार
कम्पनीः Al Fateh Cleaning and Maintenance Company W.L.L — शहरः Bahrain
पूर्व स्वीकृत मितिः २०८२/०८/०२ — चलानी नं.: ६०२४७५५३ — LT. No.: 333871 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker (Cleaning & General | 193 | 48 | स. काममा दक्ष | 100 | ३८,५३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १८ गते (2 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**EASY OVERSEAS PVT. LTD.** Easy Overseas — Gov Lic No. : 1261/074/75
Basundhara, Kathmandu, Tel.:01-4016539



## बहराइनमा रोजगार
कम्पनीः BLOOMS SALON — शहर : BAHRAIN
पूर्व स्वीकृत मितिः २०८२/११/१० — चलानी नं.: ६०२५२८०४ — LT. No.: 339363

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 6 | स. काममा दक्ष | 150 | ५७,७९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः RASHAT MUSK SALON — शहर : BAHRAIN — पूर्व स्वीकृत मितिः २०८२/११/१० — चलानी नं.: ६०२५२८०३ — LT. No.: 339362

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 6 | स. काममा दक्ष | 150 | ५७,७९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १८ गते (2 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**EMINENCE** Recruitment International Pvt Ltd — Gov. Lic No.: 1569/079/080
Bhimsengola-31, Prayagmarg, Kathmandu
Tel: 4110036, 4110040, 9849964370, 9709139159, 9707377701, 9841461232
Email: info@eminencenepal.com. Web: ww.eminencenepal.com



## कुवेतमा रोजगार
कम्पनी : CENTRAL COMBINED WASHING MACHINE COMPANY — शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/११/१० — चलानी नं.: ६०२५२७६५ — L.T. No.:339387

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 20 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५७,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver | 5 | 0 | | 150 | ७१,३४४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १८ गते (2 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ERAM OVERSEAS PVT. LTD.** Govt.Lic.No 1562/079/080
Sinamangal-09, Kathmandu, Tel.: 01-4492260, Email: eramoverseas074@gmail.com,
Web: www.eramoverseas.com, Mobile: 9806393863 | 9810383940 | 9823729649



## मलेसियामा रोजगार
कम्पनी : TOSHIBA TRANSMISSION & DISTRIBUTION SYSTEMS ASIA SDN BHD — शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/११/०८ — चलानी नं.: ६०२५२७५० — L.T. No.:339415

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 25 | 0 | स. काममा दक्ष | 1700 | ६३,२७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १८ गते (2 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Fair Connect Resource Pvt. Ltd.** श्रम इजाजत नं.: १२७९/०७४/०७५
Dhumbarahi-4, Manakamana Galli, Kathmandu Nepal, Tel :- 00977-1-5905737, Email :- agencyfcr@gmail.com



## साउदीमा रोजगार
कम्पनीः MAIN COMMERCIAL RESOURCES COMPANY — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/११/१० — चलानी नं.: ६०२५२७९३ — L.T. No.: 339360

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 3 | 0 | स. काममा दक्ष | 2000 | ७७,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः NAAN GLOBAL CATERING FOR SERVE FOOD COMPANY — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/११/१० — चलानी नं.: ६०२५२७९६ — L.T. No.: 339361

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef (Cook) | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७७,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Helper | 1 | 0 | | 1000 | ३८,७३० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १८ गते (2 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**EMASCO NEPAL PVT. LTD.** श्रम इजाजत नं. ११७/०५५/०५६
गोंगबुं, सामाखुसी, काठमाडौं, नेपाल, फोनः ४९६२७०८, ४९५७७०८, फ्याक्स नं.: ४३५७७०८ Mob.: 9765821842, 9851124392

मध्यान्ह
www.madhyanhadaily.com
११ फागुन २०८२ सोमबार
23 February 2026 Monday

## सम्पादकीय

# आचारसंहितामा कडाइ होस्

२१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि दलहरू चुनावी मैदानमा छन् । चुनावी सभा र घरदैलो बढेसँगै दलहरूबीच आरोप-प्रत्यारोप सुरू भएको छ । मुख्य प्रतिस्पर्धी ठानिएका दलहरू आआफ्ना रणनीतिसहित नतिजा आफ्नो पक्षमा पार्न लागिरहेका छन् । यहीबेला निर्वाचन आचारसंहिता उल्लंघनका थुप्रै घटनाहरू सार्वजनिक भइरहेका छन् । प्रतिस्पर्धी दलको झण्डा जलाउनेदेखि झण्डा च्यात्ने, अभद्र व्यवहार गर्ने, एकअर्कालाई अबरोध गर्ने र होहल्ला गरेर शान्तिपूर्ण वातावरण खल्बल्याउने गतिविधि हुन थालेका छन् । त्यसले आपसी द्वन्द्व बृद्धि भई भयरहित वातावरणमा चुनाव गर्न बाधा पुर्‍याउन सक्छ । एकअर्काबिरूद्ध उत्तेजित गतिविधिले तनाबको स्थिति उत्पन्न हुनसक्छ । यस्ता गतिविधिसँगै चुनाव भाड्ने प्रपन्चको हल्ला पनि चलेको छ । यसप्रति राजनीतिक दल, नेता-कार्यकर्ता र सरकारको विशेष ध्यान जान जरूरी छ ।

चुनावी घोषणापत्रमा समेत दलहरूले अटेरी गरिरहेका छन् । यसपटकको चुनावमा ६७ राजनीतिक दलहरू चुनावी मैदानमा छन् । तीमध्ये ४१ दलले मात्रै चुनावी घोषणापत्र सार्वजनिक गरेका छन् । त्यस्तै, निर्वाचन आयोग ऐन २०७३ र जारी कार्यविधिले खर्च पारदर्शी बनाउन कडा प्रावधान राखेको छ । निर्वाचन खर्च पारदर्शी बनाउन उम्मेदवारलाई छुट्टै बैंक खाता खोल्न भनिएको छ । तर ३ हजार ४०६ उम्मेदवारमध्ये ६६७ जनाले मात्र खाता खोलेका छन् । काठमाडौँका केही क्षेत्रमा २५ लाख, अन्य क्षेत्रमा २७, २९, ३१ र ३३ लाखसम्म खर्च गर्न पाइने व्यवस्था छ । समानुपातिकतर्फ बन्दसूचीका प्रत्येक उम्मेदवारले दुई लाखसम्म खर्च गर्न पाउने सीमा छ । यस्तो स्पष्ट व्यवस्था हुँदाहुँदै पनि छुट्टै खाता नखोल्नु कानुनप्रति लापरबाही हो ।

जेनजी आन्दोलन भड्किँदा भएको अकल्पनीय भौतिक तथा मानविय क्षतिपछि मुलुक संवैधानिक तथा राजनीतिक संकटमा पर्‍यो । तत्कालीन संकट टार्न असंवैधानिक ढंगले संसद् विघटन गरियो भने ६ महिनाको कार्यभारसहित पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बन्यो । संवैधानिक परिक्षण हुने हो भने संसद् विघटन र अन्तरिम सरकारको बैधानिकतामाथि प्रश्न उठाउने प्रशस्त ठाउँ छ । तर, अहिलेको संकटबाट मुलुकलाई बाहिर निकाल्ने सबैभन्दा बैध र उपयुक्त बाटो निर्वाचन नै हो । त्यसैले शान्तिपूर्ण, भयरहित एवं निष्पक्ष निर्वाचनबाटै जननिर्वाचित सरकार गठन गर्नुपर्छ । यो वास्तविकताप्रति मुख्य राजनीतिक शक्ति गम्भीर हुनै पर्छ । आउँदो निर्वाचनमा को हार्छ वा जित्छ गौणको विषय हो । मुलुक संवैधानिक ट्याकमा फर्किनु महत्वपूर्ण उपलब्धी हुने छ । अतः दलहरूले उत्तेजता फैलाउने र चुनाव भाँड्नेभन्दा संयमताका साथ जनताको अभिमत पर्खिनु बुद्धिमत्तापूर्ण निर्णय हुने छ । त्यसका लागि निर्वाचन आयोगले जारी गरेको आचारसंहिताको अक्षरंश पालना गर्नुपर्छ । लोकतन्त्रमा सबैभन्दा ठूलो शक्ति जनताको विश्वास हो । यदि निर्वाचन प्रक्रिया नै पारदर्शी र नियमसम्मत भएन भने त्यो विश्वास डगमगाउँछ । त्यसैले आचारसंहिता कार्यान्वयन गराउन आयोगले कडाइ गर्नुपर्छ । अनुगमन कडा हुनुपर्छ । नियम नमान्ने दल र उम्मेदवारमाथि कारबाही हुनुपर्छ । अन्यथा आचारसंहिता कागजमै सीमित हुनेछ ।

# वैदेशिक रोजगारको सेवा शुल्क विवाद

अग्रलेख



● श्याम नारायण मानन्धर

नेपालबाट वैदेशिक रोजगारमा श्रमिकहरू गन्तव्य देशहरूका लागि पठाउने काम गर्न इजाजत प्राप्त संस्थाहरूले श्रमिकहरूसँग लिने सेवा शुल्कका सम्बन्धमा पटक-पटक लागत शुल्क संशोधित गरिएका छन् । २०६८ मा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले देशगत रूपमा लाग्ने लागतको निर्धारण गरेर सेवा शुल्क तोकिएको थियो । जसमा मलेसिया देशका लागि रु. ८० हजार, खाडी देशहरूमा रु. ७० हजार, लिबिया रु. ९० हजार, मौरिसस रु. १९ हजार ९०९, अल्जेरिया रु. १ लाख १८ हजार र रु. १ लाख २३ हजार, इजरायल ९१५ अमेरिकी डलर र हवाई शुल्क रु. ६० हजार, जापान रु. ५० हजार, रसिया रु. ६० हजार र पोल्यान्ड रु. ८० हजार ४ सय थियो ।

साबिकका उल्लेखित सेवा शुल्कमा तत्कालीन श्रम राज्यमन्त्री टेकबहादुर गुरुङले २०७२ असार २१ मा भने शून्य लागतको १५ दिने परीक्षण समय पश्चात् मलेसिया, यु.ए.ई. लगायत अन्य खाडीका ७ देशहरूमा शून्य लागत (निःशुल्क भिसा र निःशुल्क हवाई टिकट) लाग्ने भनी एकतर्फी ढंगले मन्त्री स्तरीय निर्णय गराई पुरानो शुल्कमा परिमार्जन गरी संशोधन गरेका थिए । यद्यपि, सरकारको शुल्क निर्धारणका सुधारका नयाँ कानुन त्यस पश्चात् भने हालसम्म परिमार्जित हुन सकेको छैन । सरकारले २०७५ साउन २८ मा फ्री भिसा-फ्री टिकटको नीति पुनरावलोकनका लागि बनेको कार्यदलको प्रतिवेदन अझै श्रम मन्त्रालयमै थन्किएको छ । समयको कालखण्डमा सरकार परिवर्तनसँगै आएका श्रम मन्त्रीहरूले लागत परिमार्जनको आवश्यकताको औचित्यमा ध्यान दिएका थिएनन्, यथार्थभन्दा फरक व्यक्तिगत लोकप्रियता र जनस्तरबाट सम्भावित आलोचना व्यवसायीहरूको पक्षपोषण गरिएको हुने भन्ने भयले कार्यान्वयनमा ल्याउन चाहँदैनन् । भलै अहिले पनि यो मुद्दा वैदेशिक रोजगार व्यवसायीहरूबाट गम्भीर रूपमा उठेको र सबै सरोकार पक्षहरूको संशोधन हुनुपर्ने भन्ने दबाब छ ।

### शुल्क निर्धारण ढिलाइका कारण परेको असर

राजस्व : नेपालमा राजस्व आयका मुख्य स्रोतहरू भनेको कर राजस्व र गैर-कर राजस्व हुन् । करमा भन्सार, मूल्य अभिवृद्धि कर र आयकर प्रमुख हुन् । गैर-कर राजस्वमा सेवा शुल्क, दण्ड-जरिवाना र सरकारी सम्पत्तिका भाडा आदि पर्दछन् । यस बाहेक वैदेशिक अनुदान र ऋण पनि राजस्व स्रोतका आधार हुन् ।

शून्य लागतको प्रावधानले राज्यले वैदेशिक रोजगार व्यवसायीहरूबाट पनि सायदै शून्य (न्यून) राजस्व संकलन गरेको होला । तत्कालीन समयमा गरिएको यो अव्यवहारिक निर्णयले सीमित व्यक्तिको कद उच्चो भयो होला तर राज्यले भने दीर्घकालीन आर्थिक नोक्सानी व्यहोरेको छ । राज्यले कानुनतः तय गरेको न्यून शुल्कले व्यवसायीहरूका अन्य आयलाई अवैध आर्जन भनेर कानुनले चिन्दछ भने त्यस आयलाई मानकको रूपमा स्थापित गर्न पनि सक्दैनन् अर्थात् तोकिएकोभन्दा बढी रकमको आम्दानी वैदेशिक रोजगार व्यवसायीहरूले लेखा परीक्षण प्रतिवेदनमा उल्लेख गर्न नपाउने भएका कारण प्रायः सबै व्यवसायीहरूले घाटाको प्रतिवेदन पेश गर्न बाध्य छन् । आम्दानीका स्पष्ट स्रोत हुँदाहुँदै पनि राज्यलाई वार्षिक अर्बौंको कर नोक्सानी भएको छ ।

व्यवसायीहरूको ख्याति : राज्यले आम्दानीलाई वैधानिकीकरण गरिदिए भएको आम्दानीलाई स्रोतमा देखाउँदा हुने व्यवसायको आर्थिक लाभको अंक बढ्ने, कमाएको रकम वैधानिक ठहरिने र व्यावसायिक बैंकिङ ऋणमा पनि सहज हुने साथै समग्रमा खुद आम्दानीमा बिल जारी हुँदा व्यवसायीहरू ढुक्कले व्यवसाय गर्न सक्ने अवस्था देखिन्छ ।

श्रमिकहरूको आर्थिक सुरक्षा : वैदेशिक रोजगारमा जाँदा भुक्तान गरिएका सबै रकमको बिल भरपाई श्रमिकहरूको हातमा पर्दा उनीहरूको कानुनी रूपमा आर्थिक सुरक्षा हुने र जोखिम तथा मानसिक दबाबमा नपर्ने ।

ऋण र व्यावसायिक कारोबार : व्यवसायमा नाफा भए थप कार्यक्षेत्र विस्तारमा वा नयाँ व्यवसायको सिर्जना गर्न बैंकहरूको ऋण प्रवाहमा सहजता हुन्छ । वैधानिक तरिकाबाट नेपालबाट विदेश रकम पठाउँदा बैंक तथा वित्तीय संस्थाहरूको कारोबारमा वृद्धि हुने र अन्य हुन्डी लगायत अन्य



अवैध कारोबार वा वित्तीय अपराधमा नियन्त्रण हुने देखिन्छ ।

### शुल्क निर्धारणको आधारहरू

राज्यले वैदेशिक रोजगारको क्षेत्रमा लागू गरेको अव्यवहारिक शुल्क निर्धारणको आधार समयसापेक्ष रूपमा परिमार्जन त गर्नु छ नै तर पनि आवश्यकता र व्यवहारिकतालाई ध्यान दिँदा यसरी पनि शुल्क निर्धारणलाई वर्गीकरण गर्न सकिन्छ ।

नैतिक भर्ना : वैदेशिक रोजगारीमा जानका लागि स्वस्थ प्रतिस्पर्धा गरी छनोटमा परेका नेपाली श्रमिकहरूलाई रोजगारदाता कम्पनीले भर्ना गर्ने सर्वाधिक उत्तम आधार र प्रक्रिया हो । यदि वास्तवमै यस्तो परिवेशमा नेपालका वैदेशिक रोजगार व्यवसाय गर्ने संस्थाहरूले उल्लेखित विधि र प्रक्रिया अपनाएका छन् भने रोजगारदाता कम्पनी, नेपाल देश, व्यवसायी र श्रमिकहरू सबैका लागि महत्वपूर्ण अवसर हो । यस प्रक्रियामा रोजगारदाता कम्पनीले श्रमिकहरूको सम्पूर्ण खर्च (राहदानी शुल्क, मेडिकल, बायोमेट्रिक शुल्क, मेडिकल, अभिमुखीकरण तालिम शुल्कदेखि होटल-यातायात खर्चहरूको व्ययभार) व्यहोरेको हुन्छ । नेपालको श्रम आपूर्ति गर्ने संस्थालाई पनि सेवा शुल्क वैधानिक तवरबाट रेमिट्यान्समार्फत रकम अन्तरित गरेको हुन्छ । राज्यले यस प्रकारका भर्ना प्रक्रियामा योगदान दिने मेनपावर कम्पनीहरूलाई करको दायरामा छुट लगायतका विशेष सुविधा सहित सार्वजनिक सम्मान र हौसला प्रदान गर्नुपर्ने हुन्छ । यस्तो प्रक्रियामा कुनै पनि मध्यस्थकर्ता वा एजेन्टहरूलाई निषेध गरिएको हुन्छ ।

शून्य लागत : वैधानिक तवरमा वैदेशिक रोजगारीमा जाने श्रमिकहरूले अधिकतम सेवा शुल्क बापत रु. १० हजार मेनपावर कम्पनीलाई दिनुपर्ने भन्ने कानुनी व्यवस्था छ । यसमा फ्री-भिसा/फ्री-हवाई टिकटको प्रबन्ध रोजगारदाता कम्पनीबाट गरिएको हुन्छ । श्रमिकहरूले उक्त रोजगारीमा समावेश रहँदा नेपालमा हुने अन्य वैधानिक खर्चका क्षेत्रहरू (मेडिकल, श्रम स्वीकृति, बायोमेट्रिक) मा भने अतिरिक्त शुल्क कामदारले व्यहोर्नुपर्ने हुन्छ । यसमा अप्रत्यक्ष एजेन्टहरूको संलग्नता भए श्रमिकहरूको लागत तोकिएभन्दा बढी हुने हुँदा आर्थिक जोखिम पनि बढ्नेछ ।

न्यून लागत : नेपालका वैदेशिक रोजगार व्यवसायीहरू अन्तर्राष्ट्रिय श्रम बजारमा अस्वस्थ व्यावसायिक प्रतिस्पर्धामा छन् भन्ने आधार नेपालमा श्रमिकहरूले तिर्ने अपारदर्शी ढंगले लिइने अधिक शुल्कबाट प्रमाणित हुन्छ । त्यसमा पनि वैदेशिक रोजगार अनुमति पत्र नलिएका मोफसलका संस्था,

> *२०७२ मा तत्कालिन सरकारले वैदेशिक रोजगारमा लाग्ने सेवा शुल्कमा परिमार्जन गरी संशोधन गरेको थियो । यद्यपि, त्यसपश्चात् हालसम्म परिमार्जित हुन सकेको छैन । २०७५ मा फ्री भिसा-फ्री टिकटको नीति पुनरावलोकनका लागि बनेको प्रतिवेदन पनि अझैसम्म कार्यान्वयन हुन सकेको छैन । जुन श्रम मन्त्रालयमै थन्किएको छ ।*

विशेष गरी कन्सल्टेन्सी वा व्यक्तिहरूले युरोप, जापान लगायतका उच्च आय हुने देशहरूमा व्यक्तिगत श्रम स्वीकृतिमा श्रमिकहरू पठाउँदा त्यस्ता देशहरूमा जाने नेपाली श्रमिकहरू आर्थिक र मानसिक शोषणमा परेका ग्राफ बढ्दो छ । यद्यपि वैदेशिक रोजगार व्यवसायीहरूबाट पटक-पटक सरोकार पक्षको ध्यानाकर्षण नगरिएको भने होइन । वैदेशिक रोजगार व्यवसायीहरूको मागमा न्यून लागतको अर्थ श्रमिकहरूले पाउने आधार तलबमानको एक महिनाको सेवा शुल्क वा अधिकतम रु. ५० हजार लिन पाउनुपर्ने भन्ने हो । जसबाट व्यवसायीहरूको बजार प्रवर्द्धन शुल्क, आन्तरिक व्यवस्थापन खर्च र अन्य भैपरी आउने वैधानिक खर्चहरूमा पारदर्शिता देखियोस् भन्ने हो । राज्यले गम्भीर रूपमा नलिँदा गैरकानुनी धन्दामा लागेका कन्सल्टेन्सीहरूले प्रश्रय पाउँदा व्यक्तिगत श्रम स्वीकृतिमा गएका कामदारहरूमा आर्थिक तथा मानसिक शोषण भएको त छ नै, अत्यधिक मात्रामा राजस्वको स्रोत गुमेको पनि छ ।

कृषिप्रधान देश नेपाल आजको समयमा युवा जनशक्ति निर्यात गरी रेमिट्यान्सको आधारमा देशको अर्थ व्यवस्था धान्नुपर्ने अवस्थामा छ । कुल ग्राहस्थ उत्पादनको तुलनामा नेपालले २५.७ प्रतिशत रेमिट्यान्स भित्र्याउँदा विश्वमा बढी रेमिट्यान्स भित्र्याउने देशहरूमा (काजस्तान ४५.४, टोंगा ३८.२, निकारागुवा २७.२, लेबनान २६.६ र सामोआ २५.९) पछि नेपालको स्थान छ । यस्तो परनिर्भरता देशका लागि घातक पनि हुन सक्छ ।

आसन्न प्रतिनिधि सभाको निर्वाचनमा देशका प्रमुख राजनीतिक दलहरूले आ-आफ्नो घोषणा-पत्र वा प्रतिबद्धता-पत्रमा वैदेशिक रोजगारलाई आगामी वर्षहरूमा न्यूनीकरण गर्ने भन्ने ठोस योजना सहितको उद्देश्य र लक्ष्यलाई प्राथमिकतामा राखेर तत्कालीन, अल्पकालीन र दीर्घकालीन योजना सहितको प्रतिबद्धता ल्याउनुपर्दछ । नेपाली युवाहरूको भविष्य नेपालमै स्थापित गराउन नेपाली जनताहरूले इतिहासको मूल्यांकन गर्दै यस निर्वाचनमा सक्षम संसद् र राजनीतिक दलहरूको छनोट गर्ने अवसर हो । अहिले गल्ती गरियो भने वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको बढ्दो ग्राफ सदियौं जीवित रहन सक्छ ।

## इतिहासमा आज

२३ फेब्रुअरी १९९९ मा अस्ट्रियाको गाल्टुर शहरमा हिमपहिरो जाँदा ३१ जनाको मृत्यु भएको थियो ।



२३ फेब्रुअरी २००८ मा जापानी वाइड्स उपग्रह प्रक्षेपण गरिएको थियो ।



२३ फेब्रुअरी २०१२ मा इराकभरि भएका श्रृंखलाबद्ध आक्रमणहरूमा कम्तिमा ८३ जनाको मृत्यु भएको थियो भने २५० भन्दा बढी घाइते भएका थिए ।



२३ फेब्रुअरी २०२१ मा इक्वेडरमा एकैसाथ चार जेलमा दंगा हुँदा ६२ जनाको मृत्यु भएको थियो ।



# एआई प्रभाव शिखर सम्मेलन र नेपाल

विचार



● शंकरमान सिंह

> *एआई प्रभाव शिखर सम्मेलन २०२६ ले विश्वलाई समावेशी, जिम्मेवार र दिगो एआईतर्फ उन्मुख गराउने प्रयास गरेको छ । नेपालका लागि यो प्रेरणादायी अवसर हो । तर प्रेरणाले मात्र पुग्दैन- पूर्वाधार विकास, दक्ष जनशक्ति निर्माण, स्पष्ट नीति र दृढ कार्यान्वयन आवश्यक छ ।*

नयाँ दिल्लीमा आयोजित प्रविधिसम्बन्धी प्रमुख शिखर सम्मेलनपछि जारी गरिएको घोषणापत्रमा संयुक्त राज्य अमेरिका र चीनलगायत दर्जनौं राष्ट्रहरूले 'सुरक्षित, भरपर्दो र बलियो' कृत्रिम बुद्धिमत्ताको विकासका लागि आह्वान गरेका छन् । ८६ देशले हस्ताक्षर गरेको उक्त विज्ञप्तिमा द्रुत गतिमा विकास भइरहेको प्रविधिलाई नियमन गर्ने ठोस प्रतिबद्धता समावेश गरिएको छैन; बरु स्वैच्छिक र गैर-बाध्यकारी पहलहरूलाई प्राथमिकता दिइएको छ । पाँचदिने एआई इम्प्याक्ट समिटद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'एआईको प्रतिज्ञा तब मात्र सार्थक हुन्छ, जब यसको लाभ मानवताद्वारा साझा गरिन्छ ।' यसले जेनेरेटिभ एआईको आगमनलाई 'प्राविधिक विकासको मार्गमा एक परिवर्तन बिन्दु' को रूपमा वर्णन गरेको छ ।

दशौं हजार सहभागी, शीर्ष प्राविधिक सीईओहरू तथा नीति निर्माताहरूको उपस्थितिमा सम्पन्न यो चौथो वार्षिक विश्वव्यापी एआई बैठक हो र विकासशील देशद्वारा आयोजित पहिलो शिखर सम्मेलन पनि हो । शिखर सम्मेलनमा एआईका सम्भावित सामाजिक फाइदा–जस्तै औषधि खोज, अनुवाद उपकरण र डिजिटल सेवा विस्तार-सहित रोजगारी गुम्ने जोखिम, अनलाइन दुरुपयोग तथा डाटा केन्द्रहरूको उच्च ऊर्जा खपत जस्ता चुनौतीहरूबारे व्यापक छलफल भयो ।

भारतको इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले फेब्रुअरी २०२६ मा नयाँ दिल्लीस्थित भारत मण्डपममा एआई इम्प्याक्ट समिट आयोजना गरेको हो । यो ग्लोबल साउथमा आयोजना भएको पहिलो विश्वव्यापी एआई शिखर सम्मेलन हो । सम्मेलनले समावेशी वृद्धि, सामाजिक विकास, सार्वजनिक सेवा सुदृढीकरण तथा वातावरणीय संरक्षण सुनिश्चित गर्ने लक्ष्य राखेको छ । साथै, रोजगारी गुम्ने जोखिम, एआईमा पूर्वाग्रह र ऊर्जा खपत वृद्धि जस्ता चुनौतीहरू व्यवस्थापन गर्न पनि जोड दिएको छ ।

कृत्रिम बुद्धिमत्ता (एआई) ले समाज, अर्थतन्त्र र शासन प्रणालीलाई तीव्र रूपमा रूपान्तरण गरिरहेको छ । यसले विशेषगरी विकासशील देशहरूका लागि डिजिटल सेवा विस्तार र बहुभाषिक पहुँचमार्फत नयाँ अवसरहरू सिर्जना गरेको छ । तर 'ग्लोबल एआई डिभाइड' अझै कायम छ, किनकि स्रोतहरू सीमित विकसित राष्ट्र र ठूला कम्पनीहरूमा केन्द्रित छन् । त्यसैले एआई समावेशी, निष्पक्ष र सबैका लागि लाभदायक बनाउन विश्वव्यापी समन्वय आवश्यक छ ।

भारत-एआई प्रभाव शिखर सम्मेलन तीन मार्गदर्शक सिद्धान्त- जनता, ग्रह र प्रगतिमा आधारित छ । जनता सूत्र मानव कल्याण, सांस्कृतिक विविधताको सम्मान र मानव मर्यादाको संरक्षणमा केन्द्रित छ । ग्रह सूत्रले एआईको प्रयोग वातावरणमैत्री र दिगो हुनुपर्नेमा जोड दिन्छ । प्रगति सूत्रले एआईलाई आर्थिक वृद्धि र सामाजिक विकासको साधनका रूपमा प्रयोग गर्दै स्वास्थ्य, शिक्षा, कृषि र शासन क्षेत्रमा समान पहुँच सुनिश्चित गर्नुपर्ने धारणा राख्छ । कृत्रिम बुद्धिमत्ता नेपालको आर्थिक वृद्धि, सुशासन र जीवनस्तर सुधारका लागि महत्वपूर्ण उपकरण बन्न सक्छ । नेपालले २०२५ मा आफ्नो पहिलो एआई नीति सार्वजनिक गरेको छ, जसले कृषि, स्वास्थ्य, उत्पादन र रोजगारी क्षेत्रमा प्राथमिकता दिएको छ । तर पूर्वाधारको कमी, दक्ष जनशक्ति अभाव र कमजोर नियामक संरचना अझै चुनौतीका रूपमा रहेका छन् ।

भारतले एआईलाई राष्ट्रिय आकांक्षासँग जोडिसकेको अवस्थामा नेपाल अझै सम्भावनाको नक्सा कोर्ने चरणमा छ । नेपालमा एआईबारे 'हामी पछि नपरोस्' भन्ने चिन्ता बढी देखिन्छ । तर एआईलाई भविष्यको डर होइन, अवसरका रूपमा लिन जरुरी छ । यदि एआईलाई कृषकका खेतमा, ग्रामीण स्वास्थ्य केन्द्रमा वा नेपाली भाषामा सिर्जनात्मक तथा डिजिटल सामग्री निर्माणमा प्रयोग गर्न सकियो भने त्यसले वास्तविक परिवर्तन ल्याउन सक्छ । नोभेम्बर २०२५ मा काठमाडौँस्थित भारतीय दूतावास र नेपाल एआई एसोसिएसनको सहकार्यमा 'समावेशी वृद्धिका लागि एआईः नेपालको एआई-तयार भविष्य निर्माण' शीर्षकको कार्यक्रम आयोजना गरिएको थियो, जसले द्विपक्षीय सहकार्यको सम्भावना उजागर गरेको छ ।

'आर्टिफिसियल इन्टेलिजेन्स' (एआई) शब्द प्रायः 'मेसिन लर्निङ' सँग समानार्थी रूपमा प्रयोग गरिए पनि एआई त्यसभन्दा व्यापक अवधारणा हो । यो मेसिनद्वारा प्रदर्शन गरिने बुद्धिमत्ता हो, जसले मानव हस्तक्षेपबिना सिक्न, विश्लेषण गर्न र निर्णय लिन सक्छ । नेपालमा सार्वजनिक तथा निजी संस्था, शैक्षिक निकाय र स्टार्टअपहरूले एआई-आधारित च्याटबोट, बायोमेट्रिक्स, मेसिन लर्निङ प्रणाली र प्राकृतिक भाषा प्रशोधनमा काम गरिरहेका छन् । हाल सरकारले एआईसम्बन्धी अवधारणापत्र सार्वजनिक गरी आवश्यक नीति तथा कानुन निर्माणको आधार तयार गरेको छ ।

एआई प्रभाव शिखर सम्मेलन २०२६ ले विश्वलाई समावेशी, जिम्मेवार र दिगो एआईतर्फ उन्मुख गराउने प्रयास गरेको छ । नेपालका लागि यो प्रेरणादायी अवसर हो । तर प्रेरणाले मात्र पुग्दैन- पूर्वाधार विकास, दक्ष जनशक्ति निर्माण, स्पष्ट नीति र दृढ कार्यान्वयन आवश्यक छ । नेपालले आफ्नो नीतिलाई व्यवहारमा उतार्न सके मात्र एआईलाई समानता, दिगोपन र प्रगतिको सशक्त साधन बनाउन सक्नेछ ।

## सामाजिक सञ्जाल




डम्बर खतिवडा

संसद् पुनर्स्थापनाको मुद्दामा फागुन २२ गते पेशी तोकेर न्यायाधिशहरू आफैले यो पुष्टि गरे कि सर्वोच्च अदालत जागिरे मानसिकताका कायर झोलेहरूले भरिएको छ । यस्ता मान्छे राखेर आधुनिक लोकतान्त्रिक राज्यको न्यायिक आवश्यकता पूरा हुँदैन । न्यायिक पुनर्गठन अत्यावश्यक भइसकेको छ ।

कांग्रेसले सकी नसकी नेतृत्व परिवर्तन गर्‍यो, राम्रो भयो । कम्युनिस्टहरूको के कुरा गर्नु ? लेखेर राख्नुहोला ! बरु ओली र प्रचण्ड सिपी मैनालीसँग लुँडो खेल्न तयार हुन्छन्, तर नेतृत्व छोड्न तयार हुने छैनन् । रास्वपा भन्ने अर्को छ, त्यो कम्युनिस्टभन्दा महाको लिच्चड बनेर निस्कने वाला छ ।



रञ्जित तामाङ



किशोर नेपाल

देशमा नागरिक शासनको आवरणमा सैनिक शासन सक्रिय रहेको । सर्वोच्च अदालतले प्रतिनिधि सभा विघटनविरुद्ध मुद्दाको सुनुवाइ चुनावको भोलिपल्ट तोकेर सेनाको निर्देशनको पालना गरेको छ । वर्तमान प्रधानन्यायाधीश न्यायिक निष्पक्षताको पक्षमा देखिएनन् । यो अत्यन्त दुःखद विषय हो ।

६४ सालमा 'नयाँ' भनेर जनताले विश्वास गरेर भोट दिए । माओवादी सबैभन्दा ठूलो दल बन्यो । तर, न संविधान बनाउन सक्यो, न स्वीजरल्यान्ड बन्यो । अन्ततः संविधान बनाउन कांग्रेस र एमाले नै चाहियो । देशलाई बाटोमा ल्याउन फेरि पुरानै शक्तिको सहारा लिनुपर्‍यो । नयाँ भनेर रिस त मर्ला तर देशको निकास के ?



किशोर सुवेदी

# बझाङमा २ हजार ८ सय ८३ सुरक्षाकर्मी परिचालन हुने

सत्यराज सिंह/मध्यान्ह
बझाङ, १० फागुन



आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि बझाङमा प्रशासन र निर्वाचन संयन्त्रले तयारी तीव्र पारेका छन् ।

मतदाता शिक्षा, जनशक्ति व्यवस्थापनदेखि सुरक्षा रणनीतिसम्मका कामलाई अन्तिम चरणमा पुऱ्याइएको अधिकारीहरूले बताएका छन् ।

आइतबार जिल्ला निर्वाचन कार्यालय बझाङले सञ्चारकर्मीसँग गरेको अन्तरक्रिया कार्यक्रममा निर्वाचन तयारीबारे विस्तृत जानकारी दिएको हो । कार्यालयका प्रमुख बसन्त बहादुर धानुकले निर्वाचनका लागि एक हजार एक सय ३४ जना कर्मचारी खटनपटन भइसकेको र उनीहरूलाई आवश्यक तालिम दिने तयारी भइरहेको बताए ।

फागुन ३ गतेदेखि जिल्लाका १२ वटै स्थानीय तहका ९४ वडामा स्वयंसेवक परिचालन गरी मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको समेत धानुकले बताए । उनले भने,' मतदातालाई मतदान प्रक्रियाबारे स्पष्ट जानकारी दिन स्वयंसेवक परिचालन गरेका छौं ।' जिल्लामा कुल एक लाख २६ हजार ९ सय ३ मतदाता रहेका छन् । तीमध्ये ६२ हजार २ सय ८९ पुरुष र ६४ हजार ६ सय १४ महिला मतदाता छन् ।

निर्वाचनका लागि दुई अस्थायी मतदान केन्द्र, १ सय ८९ स्थायी मतदान केन्द्र र १ सय ३७ मतदानस्थल तोकिएका छन् । तीन मतदानस्थल सामान्य, ४९ संवेदनशील र ८५ अति संवेदनशील श्रेणीमा राखिएको छ । जिल्ला कारागार र जिल्ला समन्वय समितिको कार्यालयमा अस्थायी मतदान केन्द्र स्थापना गरिने भएको छ । मुख्य निर्वाचन अधिकृत सुवर्णमान बनेपालीले जिल्लामा ५१ प्रकारका निर्वाचन सामग्री पुगिसकेको जानकारी दिए । उनले भने, 'अब केहि दिनमा मतदानस्थलमा निर्वाचन सामग्री ढुवानी र व्यवस्थापन गराउनेछौं ।'

सुरक्षा व्यवस्थातर्फ २०७९ सालको निर्वाचनभन्दा यसपटक थप कडाइ गरिएको प्रशासनको दाबी छ । प्रमुख जिल्ला अधिकारी मुकेश कुमार केशरी र जिल्ला प्रहरी कार्यालयका डिएसपी खगेन्द्र धमलाले विगतका कमजोरी नदोहोरिने गरी सुरक्षा योजना बनाइएको बताए । निर्वाचनका दिन सात सय ११ जना नेपाल प्रहरी, चार सय आठ जना नेपाली सेना, एक सय ८४ जना सशस्त्र प्रहरी र एक हजार पाँच सय ८० जना निर्वाचन प्रहरी गरी कुल दुई हजार आठ सय ८३ जना सुरक्षाकर्मी परिचालन गरिने जनाइएको छ ।

### बी.ए. दीक्षान्त प्रमाणपत्र हराएको सूचना

सातदोबाटोबाट लगनखेल जाने क्रममा मेरो निम्न व्यहोरा भएको बी.ए. तहको त्री. वि.को दीक्षान्त प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले मेरो निम्न सर्म्पक नं वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु ।

नाम : Rojina Rai
Reg. No. : 6-2-999-213-2012
Symbol No. : 2560081
Contact No. : 9818282965
Address : Khumaltar, Lalitpur

### सरकारद्वारा व्यवस्थित वनको काठ संकलन सम्बन्धी १५ दिने सूचना

**प्रथम पटक सुचना प्रकाशन मितिः २०८२/११/११**

डिभिजन बन कार्यालय पहलमानपुर मातहतको सब डिभिजन वन कार्यालय, सुखड, कैलालीको कार्यक्षेत्रमा पर्ने घोडाघोडी नगरपालिका, कैलाली स्थित खैरेनी सरकारद्वारा व्यवस्थित बन, सिमलि सरकारद्वारा व्यवस्थित बन र दैलो उगाडे सरकारद्वारा व्यवस्थित वनक्षेत्रमा रहेका ढलापडा र सुखडखडा रुखहरुबाट अनुमानित ६९६१.०७ क्युफिट काठ संकलन (कटान, मुछान, ढुवानी) तथा घाटगद्दी समेत गराउनका लागि कैलाली जिल्लाको स्वीकृत जिल्ला दररेट अनुसारको काठ दाउरा संकलन तवा घाटगद्दी कार्यको लागत इंस्टिमेट बमोजिम गोलिया काठ संकलन प्रति क्यू फिट रु.१४५ मा घटाघट प्रकृयाबाट ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले स्थायी लेखा नं. वा मु.अ.कर दर्ता नम्बर, आ.व. २०८१/२०८२ को कर चुक्ता प्रमाणपत्र भएका काठ सम्बन्धी व्यवसाय गर्न इजाजत प्राप्त फर्म, कम्पनी वा व्यक्तिले पहिलो पटक सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनसम्म कार्यालय समयभित्र डिभिजन वन कार्यालय पहलमानपुर, कैलालीबाट दरभाउपत्र खरिद गरि सिलवन्दी दरभाउपत्र १६औं दिनमा दिउँसोको १:०० बजे भित्र यस कार्यालयमा दाखिला गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। काठ दाउरा संकलन तथा घाटगद्दी सम्बन्धि विस्तृत सूचना यस कार्यालयमा तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिने व्यहोरा जानकारी गरिन्छ। थप जानकारी पहलमानपुरबाट प्राप्त गर्न सकिनेछ ।

**डिभिजन वन कार्यलय पहलमानपुर कैलाली**

अन्तर्राष्ट्रिय बाल क्यान्सर दिवस

# सुदृढ उपचारका लागि एकताबद्ध पहल

**काठमाडौं /मस-** अन्तर्राष्ट्रिय बालक्यान्सर दिवसको अवसरमा देशभर क्यान्सरको प्रारम्भिक पहिचान र प्रभावकारी उपचार प्रणाली सुदृढ बनाउन एकताबद्ध पहल गरिएको छ ।

गत माघ २९ देखि फागुन ४ गतेसम्म भक्तपुर, भरतपुर र काठमाडौंमा आयोजित विभिन्न कार्यक्रमहरूले सरकारका प्रतिनिधि, स्वास्थ्यकर्मी, विकास साझेदार तथा अभिभावकको सहगाति रहेको थियो । बालक्यान्सर समयमै पहिचान गरी उचित उपचार भएमा निको हुन सक्छ भन्ने सन्देश प्रवाह गरिएको थियो ।

साताव्यापी अभियानको सुरुवात भक्तपुर क्यान्सर अस्पतालबाट भएको थियो ।बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापा मगरले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनका प्रतिनिधिहरूसँग मिलेर सुदृढ रेफरल प्रणाली, व्यवस्थित तथ्यांक संकलन तथा प्रतिवेदन प्रणाली, तथा बालक्यान्सर सेवामा पहुँच विस्तारको आवश्यकता माथि जोड दिए ।

भरतपुरस्थित बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालमा र कान्तिबाल अस्पतालमा समेत क्यान्सरसम्बधी कार्यक्रम गरिएको आयोजकले जनाएको छ । भावनात्मक सन्तुलन र मानसिक सुदृढता उपचार प्रक्रियामाअत्यन्त महत्वपूर्ण हुने तथ्यलाई आत्मसातगर्दै वर्ल्ड चाइल्ड क्यान्सर ( र रमेश गुप्ता मेमोरियल ट्रस्टले सबै कार्यक्रम स्थलहरूमा उपचाररत बालबालिकाका लागि शैक्षिक सामग्री तथा खेलौना वितरण गरेको थियो ।




## लेटाङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**लेटाङ, मोरङ**
**कोशी प्रदेश**

### बोलपत्र आह्वानको सूचना सच्याइएको सूचना

यस नगरपालिकाको ठेक्का नं: LM/MOR/NCB/W/2082-83/09, Construction of Black Topped Road From DhamalaMarga to Sagarmatha को मिति २०८२/११/०६ गते मध्ययान्ह दैनिकमा प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा बोलपत्रमा घटी कबोल रकम मु.अ.कर र पि.एस. सहित रु.३१८३७८८.८०हुनुपर्नेमा । अन्यथा भएकाले यसै सूचना मार्फत सम्वन्धित सबैमा सूचितगरिन्छ ।

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

## Chainpur Municipality
## Office of the Municipal Executive

**Chainpur, Sankhuwasabha**
**Koshi Province**

### Invitation for Sealed Quotation

**Date of Second Publication: 2082/11/11) (2026/02/23)**

**IFB: CM/NCB/SQW/01/082/083**

1. The Chainpur Municipality invites Sealed quotations from registered contractors for the construction of Urgen Sangachholing Gumba, Chainpur -1, Sankhuwasabha. The Estimated amount for the works is (in NRS ): 1126505.15 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain furthers information and inspect the Sealed quotations from the PPMO website www.bolpatra .gov.np

**Chief Administrative Officer**

### एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA
एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
पोखरा शाखा, पोखरा महानगरपालिका, कास्की
सम्पर्क फोन: + ९७७-०६१-५७४४४७/०६१-५७४३२०

### निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री इश्वरी प्रसाद पन्थीको नाति, मोहन प्रसाद पन्थीको छोरा, गण्डकी प्रदेश कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. ०८ हाल आलुमाइला चोक - ०८ बस्ने ४९ वर्षको श्री बिष्णु हरी पन्थीको मिति २०८२/०९/१६ (ई.सं. ३१/१२/२०२५) मा मृत्यु भएकोले स्व. बिष्णु हरी पन्थीको पत्नी हाल गगनगौडा - ३२ बस्ने श्रीमती लक्ष्मी देवी पन्थीले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको पोखरा शाखा, पोखरा महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

Local Government

## Thulibheri Municipality,
## Office of the Municipal Executive

**Juphal, Dolpa**
**Karnali Province, Nepal**

### INVITATION FOR ELECTRONICS BIDS

**First date of publication: 2082/11/11 (2026-02-23)**

Thulibheri Municipality, Office of the Municipal Executive, Juphal, Dolpa invites only electronics bids from Nepalese eligible bidders for the following works under national competitive bidding procedure, some of the information is mentioned below, though the details are in the bidding documents. May obtain further information contact at the Thulibheri Municipality, Office of the Municipal Executive, Juphal, Dolpa. A complete set of bidding documents may be downloaded from the PPMO's website www.bolpatra.gov.np/egp.

| S.N. | Contract ID | Description of works | Bid Security Amount NRs. | Cost of Bidding Documents NRs. | Bidding Procedure | Last date of Bid submission |
|---|---|---|---|---|---|---|
| 1 | TBM/DOLPA/GOODS/NCB/01/081/082 | Procurement of City Bus | 1,50,000 | 3000 | Single Envelope Bidding Procedure | 2082-12-11 (2026-03-25) |

**Chief Administrative Officer**

## लेटाङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**लेटाङ, मोरङ**
**कोशी प्रदेश**

### बोलपत्र स्वीकृत गर्ने आशयको सार्वजनिक सूचना

**सूचना प्रकाशित मितिः २०८२/११/११**

लेटाङ नगरपालिका आ.व. २०८२/०८३ मा तपसिल योजनाको लागि पेश भएका बोलपत्रहरुको बोलपत्र मूल्याङ्कन समितिको प्रतिवेदन बमोजिम न्यूनतम मूल्याङ्कित बोलपत्र सारभूत रुपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्वन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपसील

| क्र. सं. | ठे. नं. | कार्य विवरण | घटी कवोल गर्ने घटी कवोल गर्ने नि. व्या. नाम | ठेगाना | बोलपत्र/दरभाउपत्रमा घटी कवोल रकम मु.अ.कर र पि. एस. सहित |
|---|---|---|---|---|---|
| 1 | LM/MOR/NCB/W/2082-83/11 | Construction of 2 Storey 4 Room Building in Shanti Bhagwati Ma. Bi. | J.B. Bhairab Multipurpose Company | लेटाङ-०४, मोरङ | 5206341।86 |

**प्रमुख प्रशासकीय अधिकृत**

## युएईमा रोजगार

कम्पनी : CITY NAS CENTER
पूर्व स्वीकृत मिति: २०८२/११/१० चलानी नं.: ६०२५२७७१
शहर: DUBAI
LT. No.:339291

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Administration Clerk | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५९,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 25 | 0 | | 1500 | ५९,३२५ | | | | | | | |
| 3. | Helpers/packers | 0 | 4 | | 1000 | ३९,५५० | | | | | | | |
| 4. | Helpers/packers/sales Assistants | 20 | 0 | | 1300 | ५१,४१५ | | | | | | | |
| 5. | Sales Officer | 10 | 0 | | 1400 | ५५,३७० | | | | | | | |
| 6. | Store Assistant | 0 | 2 | | 1000 | ३९,५५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १८ गते (2 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

CHANDRAMA GROUP OF COMPANY PVT.LTD
Contact: 01- 4116658, 9803735475, 9852077865. Email: info@chandramagroup.com.
rajachandramagroup@gmail.com, Sinamangal-9, KATHMANDU, Nepal
Govt. Lic. No. 1757/081/082

## MALAYSIA मा रोजगार

कम्पनी: W.C.S FOOD INDUSTRIES SDN BHD
पूर्व स्वीकृत मिति: २०८२/११/०८ चलानी नं.: ६०२५२७४५
शहर: MALAYSIA
LT. No.:338970

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 9 | 0 | स. काममा दक्ष | 1700 | ६३,२७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ फागुन १८ गते (2 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

"One Team, One Dream"
BIGYAN HR MANAGEMENT PVT. LTD.
Chandol-04, Chappalkarkhana Chowk, Kathmandu, Nepal, Tel: 01- 4422477, 01- 4423477, Fax: 4423477
Mobile No. 9709127192 / 9709127193 /9709127195, Email: managementbigyanhr@gmail.com, Website: www.bigyanhr.com
Govt Lic No. 1503/074/075

## साउदीमा रोजगार

कम्पनी: PRO LUBE EXPRESS FOUNDATION
पूर्व स्वीकृत मिति: २०८२/११/१० चलानी नं.: ६०२५२८१२
शहर: RIYADH
L.T. No.: 339354

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker Load And Unload | 2 | 0 | स. काममा दक्ष | 1000 | ३८,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १८ गते (2 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

